Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ४१, २०८३ साल जेठ ५ गते मंगलबार (May 19, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np


अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# कार्की र शेर्पाले रचे इतिहाँस





■ मोहन कार्की

काठमाडौं - सशस्त्र प्रहरी सहायक निरीक्षक निम डिक्की शेर्पा र सशस्त्र प्रहरी सहायक हवल्दार अनिता कार्की जेठ ३ गते बिहान सगरमाथा आरोहण गरी सगरमाथाको शिखरमा पुगेर सफलता पूर्वक रेकर्ड बनाएका छन् ।

सशस्त्र प्रहरी बल नेपालको तर्फबाट पहिलो पटक विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्ने पहिलो महिलाको रेकर्ड बनाएका हुन् । उक्त रेकर्ड निम डिक्की शेर्पा र सशस्त्रकै अनिता कार्कीको नाममा लेखिएको छ ।

सहायक हवल्दार अनिता कार्किले मे १७ तारिख बिहान १० बजेर २० मिनेटमा र सहायक निरीक्षक निम डिक्की शेर्पाले बिहान ११ बजेर ५५ मिनेटको समयमा सफलतापूर्वक सगरमाथाको चुचुरोमा पुग्दै इतिहास रचेका हुन् ।

सशस्त्र प्रहरी सहायक निरीक्षक निम डिक्की शेर्पा इलाम जिल्लाको सन्दकपुर गाँउपालीका माबु मा जन्म लिएकी हुन भने अनिता कार्की रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका-१, चुचुरेमा जन्मिएकी हुन् । दुवै प्रहरी पाहाडी जिल्लाका जागिर हुन् । दुवै महिला प्रहरी साहासी, खेलहरु मन पराउने र यो भन्दा अगाडी पनि » बाकी ६ पृष्ठमा

### अनुसन्धान तथा नवप्रवर्तनलाई प्राथमिकतामा राख्न सरकारसँग

# महावीर पुनको माग



काठमाडौं- प्रतिनिधि सभा सदस्य महावीर पुनले मुलुकको औद्योगिक विकास र आर्थिक समृद्धिका लागि अनुसन्धान तथा नवप्रवर्तनलाई प्राथमिकतामा राख्न सरकारसँग माग गरेका छन् ।

विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा भाग लिँदै उनले राज्यले विलासी वस्तु र तयारी सामानभन्दा कच्चा पदार्थ आयातमा सहुलियत दिनुपर्नेमा जोड दिए । सांसद पुनले नेपालको वर्तमान कर नीति उद्योगमैत्री नभएको टिप्पणी गरे ।

वीरगञ्जस्थित कृषि औजार कारखाना सञ्चालनको अनुभव सुनाउँदै उनले तयारी अवस्थाका कृषि औजार आयात गर्दा कर नलाग्ने तर स्वदेशमै उत्पादन गर्न आवश्यक कच्चा पदार्थ ल्याउँदा चर्को भन्सार तिर्नंपर्ने विडम्बनापूर्ण अवस्था रहेको बताए ।

'कच्चा पदार्थमा ठूलो कर लाग्दा स्वदेशी » बाकी ६ पृष्ठमा

# दुर्गा प्रसाईंविरुद्ध ३ दिन म्याद थप

वीरगञ्ज- दुर्गा प्रसाईंमाथि अनुसन्धान गर्न प्रहरीले थप तीन दिनको अनुमति पाएको छ । सोमबार राति वीरगञ्जस्थित होटल सिद्धार्थ दियालोबाट पक्राउ परेका प्रसाईंलाई मंगलबार पर्सा जिल्ला अदालतमा उपस्थित गराएर म्याद लिइएको हो ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार सामाजिक सञ्जालमार्फत उत्तेजक अभिव्यक्ति दिएको, सामाजिक सद्भावमा असर पर्ने गतिविधि सञ्चालन गरेको तथा राज्यविरुद्ध » बाकी ६ पृष्ठमा

# युक्रेनी सेनाको दाबी : रुसको कुर्स्क क्षेत्रमा १७१ पटक तोपआक्रमण, १०८ ड्रोन खसालियो



काठमाडौं- युक्रेनी सेनाले गएको २४ घण्टामा रुसको सीमावर्ती क्षेत्र कुर्स्कमा व्यापक रूपमा तोप तथा ड्रोन आक्रमण गरेको दाबी गरेको छ ।

कुर्स्क क्षेत्रका गभर्नर अलेक्ज्याण्डर खिन्सटेनका अनुसार गत रात मात्रै उक्त क्षेत्रमा युक्रेनका १०८ वटा ड्रोनहरू खसालिएका छन् भने १७१ पटक तोपका गोलाहरू वर्षाइएका छन् ।

गभर्नर खिन्सटेनले सामाजिक सञ्जाल 'म्याक्स' मार्फत सार्वजनिक गरेको विवरणअनुसार मे १८ को बिहान ९ बजेदेखि मे १९ को बिहान ९ बजेसम्मको अवधिमा विभिन्न प्रकारका १०८ युक्रेनी ड्रोनहरूलाई निस्तेज पारिएको हो । यसका साथै युक्रेनी सेनाले त्यहाँका दुर्गम तथा छुट्टिएर रहेका बस्तीहरूलाई लक्षित गरी १७१ पटक तोपआक्रमण गर्नका साथै १० पटक » बाकी ६ पृष्ठमा

# त्रिविको ८० प्रतिशत हाजिर नियमबारे रास्वपा सचेतक धितालको आपत्ति



काठमाडौं । रास्वपा सचेतक क्रान्तिशिखा धितालले गुणस्तरीय शिक्षा, सीप, सिर्जनशीलता र वास्तविक सिकाइलाई केन्द्रमा राख्ने साहस गर्न सरकारलाई सुझाएकी छिन् ।


सोमबारको प्रतिनिधिसभा बैठकमा आफ्नो धारणा राख्ने क्रममा उनले विद्यार्थीहरूलाई सक्षम बनाउनका लागि नियमहरू बनाउनुपर्ने धारणा राख्दै थिच्नका लागि नियम लागू हुन नहुने बताइन् ।

'नियमहरू विद्यार्थीलाई सक्षम बनाउनका लागि हुनुपर्छ, थिच्नका लागि होइन,' सचेतक धितालको भनाइ छ ।

त्रिविमा प्रत्येक सेमेस्टरमा ८० प्रतिशत भौतिक उपस्थिति हुने नियमको उद्देश्य राम्रो भएको भए पनि त्यसले मात्रै ज्ञान मापन गर्न सकिन्छ ? भन्ने उनको प्रश्न थियो ।


'त्रिभुवन विश्वविद्यालयमा प्रत्येक सेमेस्टरमा ८० प्रतिशत भौतिक उपस्थितिको नियमको उद्देश्य राम्रो थियो नियमितता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न । » बाकी ६ पृष्ठमा

### सरकारको नियत सही देखिएन, प्रतिवाद गर्छौं : प्रचण्ड



सुर्खेत- नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले सरकारका गलत कदमविरुद्ध सडक र सदनबाट प्रतिवाद गर्ने बताएका छन् ।

आइतबार बिहान वीरेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले सरकारमाथि विभिन्न खालका संशय र प्रश्नहरू रहेकाले समर्थन गर्न नसकिने बताए । संविधान संशोधन बहसपत्र » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४१,
२०८३ साल जेठ ५ गते मंगलबार
19 MAY 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# सर्वसाधरणलाई महसुस हुने बजेट बनाउ

नेपालमा २०६२/६३ को आन्दोलनपछि बनेको सरकारले हरेक वर्षको जेठ १५ गते बजेट भाषाण मार्फत देशको अर्थतन्त्रको आकार तरिका, उदेश्य पुर्ति गर्ने प्रतिबद्धता सहित सार्वजानिक गर्ने गर्दछ ।

त्यसैगरी यस वर्ष पनि सोही अनुसार जेठ १५गते बजेट भाषाण हुने पक्कापक्की नै छ । हरेक वर्ष लगभग झण्डै १ खर्ब जति बजेट बृद्धि हुदै आएको छ । सरकारले हरेक वर्षको बजेट प्रस्तुत गर्दा ब्यापार सोधान्तर बृद्धिदर प्रक्षपण गर्दै आईहरेको छ । यो वर्ष पनि पक्कै त्यस्तै बृद्धिदर प्रक्षपण हुनेनै अनुमान छ ।

बजेटहरू निर्माण हुदा विशेष गरेर ठूला उद्योगी, व्यापारी, कर्मचारीको तलब जस्ता विषयले प्रथामिकता पाएको देखिन्छ । नेपालमा सर्वसाधरणको लागी भने हरेक वर्ष सरकारको बजेट कागलाईं बेल पाक्यो हर्ष न विस्मात भन्दै आईरहेका छन् । त्यो भन्नुको अर्थ सर्वसाधारणले प्रत्येक वर्ष बजारमा मूल्य बृद्धि झण्डै १५ प्रतिशतले बढ्ने गरेको छ । तर सर्वसाधरणको आम्दानी भने बढ्न सकेको छैन । बढेपनि २ प्रतिशतले बढ्छ । प्रत्येक २ वर्षमा घरबेटीले १० प्रतिशत भाडा बढाउन पाउने नियम बनाउको छ । आम्दानी नबढ्ने उल्टै पाईराखेको रोजगार समेत गुम्दै गएको छ ।

यस्तो असन्तुलनले नागरिकहरू देशमा महगीले जिवन चलाउन नसकेर विदेश पलायन भईरहेका छन् । त्यसकारण २०८३/८४ मा बन्ने बजेटले सर्वसाधरण जनतालाई मार नपर्ने मूल्यबृद्धि नहुने तरिका अपनाएर उनिहरूलाई समेत रोजगार सृर्जना गर्नेगरी बजेट निर्माण गर्न सक्नुपर्छ ।

वर्तमान सरकार स्पष्ट बहुमतको सरकार भएको हुनाले वर्तमान सरकारले फुल स्केलमा आफ्नो नीति तथा कार्यक्रम, बजेट, उदेश्य एकलौटी ढंगवाट जनताको पक्षमा निर्माण गर्न सक्छ र कसैले रोक्न सक्दैन । यो अवसरलाई वर्तमान अर्थमन्त्री, अर्थमन्त्रालयका विज्ञहरू सबै मिलेर आउदो २०८३/८४ को बजेटले सामान्य भन्दा सामान्य नागरिकको हितमा महसुस हुनेगरी बजेट सार्वजनिक गर्न सक्नुपर्छ । यसो गर्न सकियो भने दिनानुदिन पलायन हुदै गएका युवा पुस्ताको लागि एउटा प्रोत्साहन गर्ने वाटो खुल्न सक्छ ।

वर्तमान अर्थमन्त्री अर्थको क्षेत्रमा अन्तराष्ट्रिय विज्ञको रूपमा समेत काम गरिसकेका अनुभवी व्याक्ति भएको हुनाले धेरैले आसा गरेका छन् । यो अवसरलाई देशको हितमा सबै नागरिकले आम्दानी गरेर उन्नती गर्न सक्ने वातावरण बनाउन सक्ने बजेट आओस् ।

# सम्पत्ति छानबिन आयोगको प्रभावकारिता



श्यामप्रसाद मैनाली

सार्वजनिक पदमा रहेकाहरूले जब अधिकारको दुरुपयोग गर्न थाल्छन्, त्यहीँबाट अवैध सम्पत्तिको आर्जन प्रारम्भ हुन्छ । विशेष गरी राजनीतिक परिवर्तनपश्चात् पूर्ववर्ती सरकारमा रहनेहरूमा देखिएका विकृतिहरूका बारेमा अनुसन्धान एवं छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्ने र गलत कार्य गर्नेहरूउपर कारबाही गरी आएका उदाहरण लोकतान्त्रिक देशहरूमा पाइन्छ । अपवादका देशहरूमा मात्र छानबिन गर्ने र कारबाही गर्ने निकाय एउटै भएको पाइन्छ, किनकि अनुसन्धान गर्ने निकायले निकालेको निष्कर्षको आधारमा कानुनले कारबाही गर्नको लागि जिम्मेवारी तोकेको पदाधिकारीले मात्र त्यस्ता अभियुक्तहरुलाई कारबाही गर्न सक्छन् ।

लोकतन्त्रमा छानबिन गर्ने र कारबाही गर्ने एउटै निकाय प्रायः हुँदैन, सिद्धान्ततः गर्न मिल्दैन ।विभिन्न देशका आयोगहरूको गठन प्रक्रिया र संरचना हेर्दा क्रान्ति वा आन्दोलनपश्चात् सरकार परिवर्तन भएको हुन्छ । केही देशहरूमा संविधान नै समाप्त गरी अर्को संविधान लेख्ने कामसमेत भएको हुन्छ । यस अवस्थामा अकुत सम्पत्ति आर्जन गर्नेहरु सबैमाथि कारबाही गर्ने आवाज जनस्तरबाट उठ्छ ।

यसलाई सम्बोधन गर्नुपर्ने कर्तव्य नयाँ उदय भएको शक्ति सम्पन्न सरकारको हुन आउँछ । यस्ता आयोगहरु एथिक्स कमिसन, एन्टिकरप्सन डिक्लेरेसन अथोरिटी आदिका नामबाट गठन भई कारबाही बढेको देखिन्छ । विश्वभरका १६० देशहरूमा यस प्रकारका आयोगहरू गठन भई छानबिन गराउने र कारबाहीको लागि सरकारमा पेस गर्ने चलन छ। राजनीतिक संक्रमणको समयमा पारदर्शिताको माग तीव्ररुपमा उठ्छ ।

यसमा सुधार ल्याउनु जरुरी हुन्छ । यही प्रयोजनको लागि आयोगहरू गठन गरिएका हुन्छन् । लाइब्रेरियामा गृहयुद्धपश्चात् एन्टिकरप्सन कमिसनको गठन भएको थियो । सम्पत्ति घोषणालाई अनिवार्य गरिएको छ । एन्टिकरप्सन कमिसनले निरन्तररुपमा काम गरिरहेको छ । घानामा अडिटर जनरलसमक्ष सार्वजनिक पदाधिकारीहरूले आफ्नो सम्पत्ति र यसको आधिकारिक स्रोतसहित खुलाएर पेस गर्नुपर्छ । युरोपियन युनियन र ओईसीडीमा संलग्न रहेका विकसित देशहरूमा सम्पत्तिको घोषणालाई अनिवार्य बनाइएको छ ।

घोषणा नगर्नेहरूलाई कानुनअनुसार दण्डित गरिन्छ । युक्रेनमा युरोमैदान रिभोलुसन २०१४ पश्चात् भ्रष्टाचारविरुद्धको जनदबाब तीव्र बन्यो । सरकार परिवर्तन भयो । नेसनल एन्टिकर प्सन ब्युरोजस्तो शक्ति सम्पन्न निकाय गठन गरियो । यसबाट सार्वजनिक पदाधिकारीहरूले आर्जन गरेको सम्पत्ति र तिनीहरूको स्रोत सबै छानबिन गरी सर्वसाधारण नागरिकको लागि सार्वजनिक गरिएको थियो । न्यायाधीश, सांसद र मन्त्रीहरूमाथि कडा कारबाही भएको थियो । सार्वजनिक पदाधिकारीहरूको सबै क्रियाकलापहरू पारदर्शी हुनुपर्छ र यसमा सर्वसाधारण नागरिकको सहज पहुँच कायम हुनुपर्छ भन्ने सिद्धान्तबाट प्रेरित भएर यो निकाय गठन भई कारबाही भइराखेको छ ।

यसै गरी फिलिपिन्समा तत्कालीन शासक फर्डिनान्ड मार्कोसले भ्रष्टाचार गरेर अकुत सम्पत्ति छिपाइराखेका रहेछन् । सन् १९८६ पश्चात् उक्त सम्पत्ति फिर्ता ल्याउने प्रक्रिया हालका दिनसम्म पनि जारी छ । अर्बौं डलर राष्ट्रिय कोषमा जम्मा भइसकेको स्थिति छ । सन् १९६० को दशकमा हङकङमा त्यहाँका प्रहरी प्रमुखले ठूलो भ्रष्टाचार गरी आर्जन गरेको सम्पूर्ण सम्पत्ति लिई दुईवटा जेट विमान बुक गरेर त्यही विमानमार्फत आफू र आफ्नो सम्पूर्ण नातागोता एवं परिवार लिई लन्डनमा पुगेर शरण लिएछन् । हङकङका नागरिकहरुले अत्यन्त ठूलो विरोध गरे ।

गभर्नरलाई कूटनीतिक माध्यमबाट पहल गरी ती प्रहरी प्रमुखलाई सम्पूर्ण सम्पत्तिसहित हङकङ नै फिर्ता गर्न बाध्य पारे । उनलाई कारागार पठाइयो । सबै सम्पत्ति जफत भयो । दक्षिण अफ्रिकामा ब्याकअप जुमाको कार्यकालमा भएको भ्रष्टाचारको छानबिन गरी सन् २०१८ मा उनीलगायत उच्च पदस्थ अधिकारीहरूको तस्कर र कालोबजारियाहरूसँग भएको मिलेमतो उजागर भएको थियो । यी यस्ता उदाहरण हुन्, जसले भ्रष्टाचारीहरूलाई कानुनको कठघरामा उभ्याउन राम्ररी सफल भएका छन् ।

जनताको माग र आकांक्षालाई पूर्ति गर्दै राज्यमा भएका क्रियाकलापहरूको पारदर्शिता र जवाफदेहिताको निर्वाह गराउनुपर्ने अवस्था सिर्जना गरिदिएको छ । कतिपय देशमा स्थायी रुपमा नै सम्पत्तिको घोषणा गराउने, छानबिन गर्ने, परीक्षण गर्ने स्थायी निकायकै व्यवस्था गरिएको हुन्छ । सम्पत्ति घोषणालाई अनिवार्य गराउन, जाँच, छानबिन र निगरानी कायम गरी गलत कार्यबाट आर्जन गरिएको सम्पत्ति राष्ट्रियकरण गर्न, पारदर्शिता, जवाफदेहिता र सार्वजनिक विश्वासको वातावरण सिर्जना गर्न, नीति निर्माणमा नैतिकताको सुनिश्चित गर्न, राजनीतिक आन्दोलनसँग सम्बन्धित मागलाई सम्बोधन गर्न यस्ता आयोगहरू गठन गरिन्छन् । नेपालमा गठन भएको भण्डारी आयोगको उद्देश्य पनि यही हो ।

नेपाली सन्दर्भ :

नेपालमा यस्ता प्रकृतिका आयोग गठन गर्ने सन्दर्भ र सम्पत्तिको छानबिन गर्ने विषय नयाँ बिल्कुल होइन । २०५८ सालमा सर्वोच्च अदालतका न्यायाधीश भैरव लम्सालजीको अध्यक्षतामा सम्पत्ति छानबिन आयोग गठन भई सरकारलाई प्रतिवेदन बुझाएर उक्त प्रतिवेदनउपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट कारबाही भइसकेको अवस्था छ ।

नयाँ नियुक्ति पाउने सार्वजनिक पदाधिकारीहरूले ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था कानुनले गरेको छ । भ्रष्टाचार नियन्त्रण ऐन नियमावलीमा यो विषयलाई पूरै समेटिएको छ । सोही अनुसार कारबाही पनि भइराखेको छ । यस्ता समिति वा आयोगहरुले कारबाही गर्ने अधिकार पाउँदैनन् ।

छानबिन, जाँच, परीक्षण गरी सुझाव मात्र सरकारलाई दिने हो । यसमा दण्ड गर्ने र कारबाही गर्ने अधिकार अदालतलाई मात्र हुन्छ । सम्पत्ति आर्जनको स्रोत नखुलेको अवस्थामा अधिकार प्राप्त निकाय नेपालको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाउने अधिकार पाएको छ ।

तर नेपालमा थुप्रै प्रकारका कमी-कमजोरीहरू हुने गरेको पाइन्छ । यस्ता आयोग गठन गर्दाको प्रक्रियामा र आयोगमा रहनेहरूले गरेको अनुसन्धान सुझावपश्चात् अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरिरहेका कार्यहरूको पनि प्रशस्त आलोचना र टीकाटिप्पणीहरु भएका छन् । छानबिनको क्रममा गम्भीरतापूर्वक तथ्यहरुलाई विश्लेषण नगरिएको र यो वस्तुगत नभएकोले निरपेक्षरुपमा इमानदारिताका साथ प्रतिवेदन तयार भएको आशङ्का सर्वत्र छ । यस्ता आयोगका काम-कारबाहीहरुप्रति सर्वसाधारण नागरिकको सहज पहुँच कायम हुन सकेको छैन ।

हालसम्म भएका यस्ता अध्ययनहरु, काम-कारबाहीहरुको पारदर्शिताको अभाव स्पष्ट छ । किनकि लम्साल आयोगको प्रतिवेदन सार्वजनिक गरिएन । अनुसन्धानको क्रममा व्यक्तिको बैंकमा रहेको खाता, कर तिरेको फरफारक गरेको प्रमाणहरु, रजिस्ट्रेसन पास गरेको कागजातहरु सबैको विस्तृत विश्लेषण र अध्ययन गर्ने कार्य निष्पक्ष र इमानदारिताका साथ नभएको आलोचना पटक-पटक हुँदै आएका छन् ।

सरकारको निर्णयबाट यस्ता आयोगहरू गठन भएका छन् । यिनीहरूको प्रकृति र स्वभाव विशेष गरी सरकारको आशयका आधारमा अघि बढ्ने गरी गरिआएका बारेमा पनि विश्लेषण हुँदै आएको छ । यसका अतिरिक्त सामाजिक परिवेशमा कायम रहेको व्यक्तिगत सम्बन्ध, नातागोता, इष्टमित्रका आधारमा कसैलाई बचाइदिने र कसैलाई सामान्य कमी-कमजोरी देखिँदा पनि कारबाहीका लागि सुझाव दिने गरी आएको पाइन्छ ।

समाजले स्पष्टरुपमा पहिचान गरेका ठूला-ठूला आर्थिक घोटालामा संलग्न रहेको सन्दर्भहरूलाई यस्ता आयोगहरुले छुट दिएको तर सामान्य खालका सम्पत्ति आर्जन गरेकाहरुलाई यो राडारले प्रभाव पारेको अवस्था पनि छ । सबैमा जग जाहेर छ । सरकारले आफ्नो इज्जत बचाउनका लागि पनि यस्ता आयोग गठन गर्ने गर्दछ । सरकारले नियुक्ति गरेको आयोगमा प्रायः राजनीतिक हस्तक्षेप हुने गर्दछ । राजनीतिक प्रभाव पर्नेबित्तिकै ठूला-ठूला अपराधीहरु, बिचौलियाहरु, तस्करहरू सबैले उन्मुक्ति पाउँछन् । यस अर्थमा आयोगको प्रभावकारितामा प्रश्नचिह्न खडा हुन्छ । यी सबै परिस्थितिबाट प्रभावित नभई आयोग अघि बढ्न सकेको अवस्थामा मात्र सफलता उन्मुख हुनेछ ।

**सुझावहरू :**

विकासशील देशमा अकुत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गर्नेहरू विकसित देशहरूको तुलनामा अत्यन्त ज्यादा हुन्छन् । तर ठूला अपराधीहरुलाई सिन्डिकेट कायम गरेर उन्मुक्ति दिइन्छ । त्यसैले प्रभावकारी हुँदैन । यसलाई प्रभावकारी बनाउन युक्रेनमा जस्तो संयन्त्र नेपालले अवलम्बन गर्नु जरुरी हुन्छ ।

उक्त देशमा अनलाइन पब्लिक डिस्क्लोजर सिस्टम प्रयोगमा छ । यो प्रणालीले जो-कोही नागरिकले आर्जन गरेको सामान्यदेखि ठूला-ठूला सम्पूर्ण रकम र क्रियाकलापलाई घोषणा गर्नुपर्ने हुन्छ । नगरेमा कडा कारबाही हुन्छ । अनुगमन र निगरानी गर्न यो प्रणाली अत्यन्त सक्षम छ । गलत विवरण कसैले प्रस्तुत गरेमा शीघ्र कडा कारबाही हुन्छ ।

यस प्रकारको प्रणाली नेपालमा पनि विकास गरी थाई संयन्त्रको रुपमा प्रधानमन्त्रीको कार्यालयमा एउटा एकाइ गठन गरेर निरन्तररुपमा क्रियाशील बनाउनु उपयुक्त हुन्छ । स्वतन्त्र छानबिन एकाइ गठन गरेर यसका काम-कारबाहीहरुमा सरकारले सहजीकरण गरिदिनुपर्छ, हस्तक्षेप होइन ।

यस अर्थमा यसको मुकाम अथवा कार्यालय प्रधानमन्त्री कार्यालयभन्दा अन्यत्रै राख्दा पनि बढी प्रभावकारी हुन सक्छ तर जिम्मेवारीमा बसेकाहरूको नैतिकता र उत्तरदायित्वमा यी सबैको प्रभावकारिता निर्भर गर्दछ । सरकारी काम-कारबाहीहरूमा यो समितिमार्फत वा आयोगमार्फत सर्वसाधारण नागरिकको सहज पहुँच स्थापित गरी सम्पूर्ण क्रियाकलापहरू पारदर्शी गराउन सक्दा सरकारप्रति आम नागरिकको विश्वास बढ्छ । निरन्तररूपमा सूचनाहरू संग्रह गर्ने, विश्लेषण गर्ने, निष्कर्षमा पुग्ने, नियन्त्रण निकायलाई पृष्ठपोषण दिने काम गर्नुपर्छ ।

राष्ट्रिय सतर्कता केन्द्रलाई सुदृढ बनाएर त्यहाँ निजामती कर्मचारीहरुबाट नभई स्वतन्त्र विज्ञहरुलाई जिम्मेवारी दिई काम-कारबाही अघि बढाउनु उपयुक्त हुन्छ । सूचनादाताहरूको सुरक्षाको प्रत्याभूति सरकारले गरिदिनुपर्छ । प्राप्त उजुरीहरूको विनापूर्वाग्रह छानबिन र विश्लेषण हुनुपर्छ । त्यसको सन्तोषप्रद जवाफ दिनका लागि जिम्मेवार निकायलाई अभिप्रेरित गर्नुपर्छ । सूचना दाताहरूले झुटा विवरण पेस गरी अनावश्यक हिसाबले कुनै पनि व्यक्तिको चरित्र हत्या गर्ने कार्यहरू भएको पाइएमा त्यस्ता सूचनादाताहरुलाई कारबाहीका लागि अधिकार प्राप्त निकायमा पेस गर्ने जिम्मेवारी पनि यो स्थायी प्रकृतिको आयोगलाई दिँदा उपयुक्त हुन्छ ।

यस प्रकारको व्यवस्था गर्न सक्दा भ्रष्टाचारमा कमी आउँछ । अकुत सम्पत्ति आर्जन गरी राष्ट्रलाई घाटा पुऱ्याउने काम-कारबाहीहरु निरुत्साहित हुनुपर्दछ । यसका लागि डेनमार्ककै जस्तो प्रगतिशील कारबाही अनिवार्य हुनुपर्छ ।

यसै गरी भ्रष्टाचारमा संलग्न हुने दुवै पक्षहरू अथवा घुस दिएर आफू लाभान्वित हुने व्यक्ति वा वर्ग र घुस लिई गलत काममा संलग्न हुने दुवैलाई कडा कारबाही गर्ने व्यवस्था हुनुपर्छ । यस सन्दर्भमा व्यापारीहरू र उद्योगपतिहरुले आफ्नो पेसागत संस्थाका माध्यमबाट संसद्लाई दबाब दिने गरेको सूचना सम्प्रेषित भइराखेका छन् ।

यसबाट सरकार नकारात्मकरूपमा प्रभावित हुनुहुँदैन । भ्रष्टाचार कम हुँदा अकुत सम्पत्ति आर्जन स्वतः कम हुने नै हो । त्यसैले भ्रष्टाचारलाई नियन्त्रण गर्नु भनेको अकुत सम्पत्ति आर्जन गर्ने स्रोतलाई नै बन्द गर्नु हो । यो कामको लागि डेनमार्कको अभ्यासका साथै अन्य नरढिक र क्यान डेबियन देशहरूको असल अभ्यासहरू नेपालको सम्बन्धमा कार्यान्वयनमा ल्याउन गम्भीरतापूर्वक लागिपर्नुपर्छ ।

अन्यथा भ्रष्टाचारलगायतका अपराधिक कुकर्महरूबाट अकुत सम्पत्ति आर्जन गर्ने प्रवृत्तिले निरन्तरता पाइरहनेछ । यी सुझावहरूलाई कडाइका साथ अवलम्बन गर्न सक्दा सुशासनको नारा लिएर सरकारमा पुगेको वर्तमान सरकारले जनताको अत्यधिक विश्वास आर्जन गर्न सक्ने सम्भावना देखिन्छ ।

संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संविधानबाटै अधिकार प्राप्त गरेको छ । उक्त आयोगलाई दिएको ऐनले प्रदान गरेको अधिकारअनुसार छानबिन गर्ने, अनुसन्धान गर्ने, कारबाही गर्नेजस्ता सबै अधिकार यसै आयोगमा निहित छ । तर अन्य कानुनमा उल्लेख भएका कुराहरुमा कानुनअनुसार कारबाही अघि बढाउन सक्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनलगायतका सम्बन्धित ऐनमा व्यवस्था गरिएको छ ।

त्यसैले गठन भएको जाँचबुझ आयोगले अधिकार प्राप्त गर्न सक्छ । ऐनबाट नै स्पष्ट अधिकार प्रदान गरेर कानुनीरुपमा सक्षम बनाई आयोगलाई काम गर्न दिनुपर्छ । अन्यथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार र जाँचबुझ आयोगको क्षेत्राधिकारका बीचमा दोहोरो समस्या आउन सक्छ ।

अदालतले व्याख्या गर्दा स्वभावतः जाँचबुझ आयोगको अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकारभन्दा न्यून हुन सक्छ । यो समस्याबाट आयोगलाई उन्मुक्ति दिएर सुसज्जित बनाउन ऐनमा पुनरावलोकन गरी अधिकार प्रदान गर्नुपर्छ । यसरी कानुनी अधिकार प्रदान गरी आयोगलाई पूर्वाग्रह नराखी स्वतन्त्ररुपमा काम गर्ने वातावरण सिर्जना गर्दा मात्र यसको उद्देश्य प्राप्त हुन सक्छ ।

# ननिदाइ बस्ने सांसदलाई सम्मान दिनुपर्ने स्थिति छ : विपिन आचार्य



काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सहमहामन्त्री विपिन आचार्यले संसद सञ्चालनका लागि बनेको विधि कर्मकाण्डी भएको जनाउँदै सुधार गर्नुपर्ने बताएका छन् ।

प्रतिनिधिसभाको आजको बैठकमा बोल्ने क्रममा रास्वपा सांसद आचार्यले प्रविधिले दिएको सुविधालाई प्रयोग गरेर संसद्का कामकारबाही छिटो सकिने अवस्था रहे पनि पुरानै ढर्रामा चलिरहेको बताए ।

'विपक्षी दलको नीति तथा कार्यक्रम माथिको संशोधन पास वा फेल गर्न लागेको समयलाई नै सम्झिऔँ । ई-भोटिङ मार्फत दुई मिनेटमा टुंगिने प्राविधिक विषयलाई हामीले २ घण्टा लगायौँ,' आचार्यले भने,'यो त एउटा प्रतिनिधि उदाहरण मात्र हो । संसद् सञ्चालनका हाम्रा विधि र प्रक्रिया यति कर्मकाण्डी छन् कि, कोही सांसद यहाँ ननिदाएर बस्छ भने उसलाई त सम्मान नै गर्नुपर्ने स्थिति छ । यो विडम्बनापूर्ण अवस्था अब परिवर्तन हुनुपर्छ ।'

प्रविधिको उच्चतम सदुपयोग गरी सांसदहरूको समयलाई सही सदुपयोग गर्नुपर्ने आचार्यले बताए । सांसदले आफ्नो क्षमता र विज्ञता प्रमाणित गर्न सक्ने गरी संसदलाई विजनेस दिनुपर्ने बताउँदै आचार्यले उनीहरुको कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्ने विचार राखे । 'हामी कतिपटक देख्छौँ एउटा सांसद संसद्मा उपस्थित हुँदैन, तर बाहिर कुनै कार्यक्रममा भाषण गरिरहेको हुन्छ । यो पक्कै पनि सही अभ्यास होइन,' आचार्यले संसदमा भने,' एउटा सांसद, संसदमा उपस्थित भयो वा भएन भन्ने कुरामा मात्रै जाँचिनु हुँदैन । तर सत्य के पनि हो भने एउटा सांसदका लागि संसदीय काम कर्तव्य भन्दा अरु ठूलो कुरा केही पनि हुनु हुँदैन । त्यसैले संसदीय गतिविधि भन्दा महत्त्वपूर्ण अरू के-के कुरा हुन सक्छन्, यो नियमावलीले ती कुराहरुमा स्पष्टता ल्याओस् ।'

नियमावलीमा सम्भव भएसम्म कुनै पनि किसिमका अस्पष्टता नराख्न आचार्यले आग्रह गरे । 'सक्नेछ', 'तजबिजमा भर पर्नेछ' जस्ता अमूर्त शब्दहरूले व्यक्तिलाई बलियो बनाउने तर पद्धतिलाई सहयोग नपुग्ने आचार्यको तर्क छ ।

संसदीय अभ्यासमा 'सत्तापक्ष भर्सेज प्रतिपक्ष' को मनोविज्ञान नराम्रोसँग हावी भएको आचार्यले बताए । सत्तापक्ष र प्रतिपक्षले गरेका कार्य वा बोलीलाई एक अर्कामा नकरात्मक तरिकाले व्याख्या गर्ने पररम्परा रहेको उनले बताए । दुवै पक्षलाई आचार्यले प्रश्न गरे,' प्राविधिक विषयभन्दा पर, कानुन निर्माण र जनजीविकाका सवालमा सत्तापक्ष र प्रतिपक्ष दुवैले दलीय चस्मा फुकालेर 'गुण र दोष'का आधारमा निर्णय गर्न सक्ने पद्धति हामीले किन विकास गर्न सक्दैनौँ ?'

रामेछाप डायरी

# रामेछापको बिर्तामा हाते ट्याक्टर मर्मत सीप विकास तालिम सुरु




रामेछापको रामेछाप नगरपालिका- वडा नं ७ मा बिर्तामा हाते ट्याक्टर मर्मत सीप विकास तालिम सुरु भएको छ । आईतबारदेखी सुरु भएको ७ दिने तालिम ९ गतेसम्म चल्नेछ ।

उद्योग तथा वाणिज्य कार्यालय रामेछापको आयोजना,रामेछाप नगरपालिकाको समन्वय र हायु समाज रामेछापको सहजीकरणमा तालिम संचालन गरिएको हो ।

बोटे,माझी,हायु,मुहसर र वनकरिया समुदायका लागि स्वरोजगार कार्यक्रम अन्तर्गत उक्त तालिम संचालन गरिएको हो । तालिममा १० जना हायु समुदायका पुरुषहरुको सहभागिता रहेको थियो ।

तालिम उद्घघाटन कार्यक्रममा बोल्न हुँदै रामेछाप नगरपालिका वडा नं ७ का वडाअध्यक्ष समिर कार्कीले कृषिमा प्रयोग हुने हाते ट्याक्टर निर्माण सम्बन्धी तालिम सिकेर दक्ष बन्न आग्रह गर्नुभयो । उहाँले यस्तो सीपहरुले स्थानीय युवालाई स्वरोजगार र कृषि आधुनिकीकरणमा टेवा पुर्‍याउने बताउनुभयो । तालिमले स्थानीय स्तरमै कृषि उपकरण निर्माण तथा मर्मत सम्भार गर्ने जनशक्ति उत्पादन हुने अपेक्षा गरिएको उहाँको भनाई छ ।

तालिममा सहभागीलाई हाते ट्याक्टर निर्माण, मर्मत तथा सञ्चालन सम्बन्धी व्यवहारिक ज्ञान प्रदान गरिने उद्योग तथा वाणिज्य कार्यालय रामेछापका प्रमुख खेमराज घिमिरे जानकारी दिनुभयो । तालिम पश्चात स्थानीय किसानले प्रयोग गर्ने कृषि औजारको मर्मतका लागि बाहिर जानुपर्ने बाध्यता घट्ने तथा कृषि उत्पादन लागत कम गर्न समेत तालिमले सहयोग पुग्ने विश्वास गरिएको उहाँको भनाई छ । प्रशिक्षक बद्रि थापाले हाते ट्याक्टर मर्मत सम्बन्धि सीप विकास तालिम दिनुहनेछ ।

# निजी क्षेत्रलाई आतंकित पार्ने काम गर्‍यो : रामकुमारी



काठमाडौं- नेकपा एमालेकी सांसद रामकुमारी झाँक्रीले सरकारले निजी क्षेत्रलाई आतंकित बनाउने कार्य गरेको आरोप लगाएकी छन् ।

सोमबार राष्ट्रिय सभाको बैठकमा बोल्दै उनले नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेलाई बिना कसुर पक्राउ गरेर निजी क्षेत्रलाई आतंकित बनाउने कार्य गरेको आरोप लगाएकी हुन् ।

उनले रिसेड्युल एसेट र लेक्विडेसनसम्बन्धी विषयमा प्रचलित कानुन तथा बैंकिङ प्रणालीको मर्म नबुझी बैंकका सीईओमाथि आक्षेप लगाएर पक्राउ गर्नु कानुनको मर्मविपरित रहेको भन्दै निन्दा गरिन् ।

उनले बचतकर्ताको निक्षेप परिचालन गर्ने बैंक नेतृत्वलाई नेपाल दूरसञ्चार प्राधिकरणको नियन्त्रणमा गइसकेको सम्पत्ति कसको हो ? भन्ने प्रश्नकै आधारमा पक्राउ गर्नु गैरकानुनी भएको बताइन् ।

उनले सुशासन र प्रभावकारी सेवा प्रवाहको नाममा सरकारले निजी क्षेत्रलाई त्रसित बनाउने काम गरिरहेको भन्दै आपत्ति जनाइन् ।

उनले भनिन्, 'केही दिनअघि इनभेस्टमेन्ट मेघा बैंकको सीईओलाई प्रहरीले समात्यो । आरोप के छ भने लेक्विडेसनमा गएको रिसेड्युल एसेट कसको हो भनेर सीईओले भन्नुपर्ने । तर बैंक र प्रचलित कानुनको हिसाबले के भन्छ भन्ने कुराको हेक्का नभई जनता र बचतकर्ताको ऋण प्रवाह गर्ने सीईओ र त्यसको संरक्षण गर्ने सीईओलाई सम्पत्ति कसको हो र प्राथमिकता कसको हुन्छ भनेर कुरिबस्नुपर्छ जस्ता आक्षेप र लञ्छानाले बैंक का सीईओ समात्ने र निजी क्षेत्रलाई आतंकित गर्ने, काम गर्न नदिने जे आतंक सरकारले सुशासन र प्रभावकारी सेवा प्रवाहको नाममा गरिरहेको छ यो निन्दनीय छ । तर्साएर शासन गर्ने दिन ढिलो चाँडो जान्छ । त्यसैले यसमा ध्यान दिएर सरकारले प्रचलित कानुनको हेक्का राखोस् ।'

उनले प्रचलित कानुनको हेक्का राख्न समेत सरकारलाई चेतावनी दिइन् ।

# बेनीलाई कटान र बाढीबाट जोगाउन नदी नियन्त्रण योजना



म्याग्दी । बेनी बजारमा म्याग्दी नदीको कटान नियन्त्रणका लागि आयोजना निर्माण भएको छ ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखरामार्फत बेनीस्थित जिल्ला प्रशासन कार्यालय पछाडि रहेको दरवाङ बसपार्क क्षेत्र भएर बग्ने म्याग्दी नदी किनारमा बाढी र कटान रोकथामका लागि पक्की पर्खाल निर्माण भएको हो ।

म्याग्दी नदी किनारमा १६५ मिटर लामो कम्पोजिट प्रविधिको पर्खाल निर्माण सम्पन्न भएको हो । पर्खाल निर्माणका लागि २०८२ वैशाखमा रुपल-सुप्रिम कन्स्ट्रक्सनसँग रु चार करोड २१ लाख ५९ हजार ६९९ मा ठेक्का सम्झौता भएको थियो ।

आगामी असार २० गतेसम्म ठेक्काको म्याद भए पनि इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुद लक्ष्यभन्दा एक महिनाअघि काम सम्पन्न भएको निर्माण कम्पनीका प्रतिनिधि सुरेश खड्काले जानकारी दिए । उनका अनुसार गत मङ्सिरदेखि निर्माण सुरु भएको थियो ।

भुइँमा चार मिटर चौडाइ भएको तीन मिटर अग्लो कङ्क्रिट र त्यसमाथि ग्याबिन पर्खाल निर्माण भएको आयोजनाका इन्जिनियर नरजङ गुरुङले उल्लेख गरे ।

बेनी बजार संरक्षण कार्यक्रममार्फत सङ्घीय सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले एक दशकयता म्याग्दी र कालीगण्डकी नदी कटानको जोखिम रहेको बेनी वरपरको क्षेत्रमा नदी नियन्त्रणका आयोजना सञ्चालन गरेको छ ।

आयोजनामार्फत यसअघि बेनीको मङ्गलाघाट, न्युरोड, कालीपुल क्षेत्रको कालीण्डकी र म्याग्दी नदी किनारमा करिब दुई किलोमिटर पक्की पर्खाल निर्माण निर्माण भएको छ ।

# सरकार मुलुकको समस्या समाधान गर्ने कुरामा केन्द्रित भएन : राप्रपा



काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले सरकार मुलुकको समस्यालाई समाधान गर्ने कुरामा केन्द्रित नभएको दाबी गरेको छ ।

सोमबार प्रतिनिधि सभा बैठकमा सरकारले पेश गरेको आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा भाग लिँदै उक्त पार्टीकी प्रमुख सचेतक खुश्बु ओलीले सो कुरा बताएकी हुन् ।

उनले सरकारले सो विधेयक मुलुकको समस्यालाई यथार्थपरक ढंगले विश्लेषण गर्दै ती समस्याहरू समाधान हुने गरी नल्याएको जिकिर समेत गरिन् ।

'हामीले तत्काल सम्बोधन गर्नुपर्ने विषयहरू बजेटको फोकस चाहिन्छ । हाम्रा सामाजिक, आर्थिक यथार्थहरू कस्ता छन ? त्यता ध्यान पुर्‍याऔं । आज राज्यको राजश्व दबाबमा छ । युवाहरू विदेश पलायन भइराखेको छन् । कृषि उत्पादन घटदो छ । प्राईभेट सेक्टर त्रसित छ । सार्वजनिक ऋणको भार बढिरहेका छन्,' उनले भनिन् ।

प्रमुख सचेतक ओलीले यथार्थभन्दा बाहिर गएर सरकारले नागरिकलाई आशावादी बनाउनका लागि गरिएको प्रयासको कुनै अर्थ नहुने पनि बताइन् ।

'पूँजीगत खर्च अत्यन्त कमजोर छ । स्थानीय तहमा सेवा प्रवाह असमान छ । यस्ता यथार्थबीच यो विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता पढदै गर्दा सरकारले समस्या पहिचान गर्दै उचित इन्टरभेन्शन गर्नु भन्दा नारामूलक आशावादी फेरी पनि प्रस्तुत गरेको होकि भन्ने मलाई लागि रहेको छ,' उनले भनिन् ।

# घरजग्गामा कर्जा वृद्धि ऋणात्मक, आयात क्षेत्रमा उच्च वृद्धि



काठमाडौं । चालु आर्थिक वर्षको ९ महिनामा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जा समग्रमा ५.७ प्रतिशत मात्रै बढेको छ । अर्थात् गत आर्थिक वर्षको असार मसान्तसम्मको तुलनामा चालु आर्थिक वर्षको चैत मसान्तसम्म आउँदा ३ खर्ब ११ अर्ब ९५ करोड रुपैयाँ मात्रै थप कर्जा प्रवाह हुन सक्यो । चैत मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कुल कर्जा रकम ५८ खर्ब ९ अर्ब ६६ करोड रुपैयाँ पुगेको छ ।

यसरी प्रवाह भएको कर्जामध्ये क्षेत्रगत रुपमा हेर्दा ट्रस्ट रिसिप्ट अर्थात् आयात प्रकृतिको क्षेत्रमा सबैभन्दा उच्च दरले कर्जा वृद्धि भएको छ । सामान आयातमा आयातकर्ता तथा व्यापारीलाई बैंक तथा वित्तीय संस्थाले ती सामान बिक्री गर्दासम्मका लागि दिने अल्पकालीन कर्जा नै ट्रस्ट रिसिप्ट लोन हो ।

असार मसान्तको तुलनामा चैत मसान्तसम्म आउँदा यस्तो कर्जा ३२ प्रतिशतले बढेर १ खर्ब ६५ अर्ब २४ करोड रुपैयाँ पुगेको छ । गत असार मसान्तसम्म यस्तो कर्जा १ खर्ब २५ अर्ब १८ करोड थियो । समग्रमा आयात बढ्दा पनि यस्तो कर्जा बढेको हो ।

त्यस्तै घरजग्गा क्षेत्रमा प्रवाह भएको कर्जाको वृद्धि भने ऋणात्मक भएको छ । राष्ट्र बैंकको तथ्यांकअनुसार गत आर्थिक वर्षको असार मसान्तसम्मको तुलनामा चैत मसान्तसम्म आउँदा घरजग्गा (रियल इस्टेट) कर्जा वृद्धि ३.५ प्रतिशतले ऋणात्मक भएको हो ।

चैत मसान्तसम्म यस क्षेत्रमा गएको कुल कर्जा रकम २ खर्ब ६६ अर्ब ३७ करोड रुपैयाँ छ । जबकि गत असार मसान्तसम्म यस्तो कर्जा २ खर्ब ७५ अर्ब ९५ करोड रुपैयाँ थियो । यद्यपि ३ करोड रुपैयाँसम्मको आवासीय घरकर्जा भने बढेको छ । यस्तो कर्जा चैत मसान्तसम्म ४ खर्ब ५८ अर्ब ७५ करोड रुपैयाँ प्रवाह भएको छ । जबकि असार मसान्तसम्म ४ खर्ब १७ अर्ब ५६ करोड रुपैयाँ प्रवाह भएको थियो ।

पछिल्लो समय घरजग्गाको कारोबारसँगै मूल्य प्रभावित हुँदा घरजग्गा क्षेत्रको कर्जा घटेको छ । तर आवासीय कर्जाको सीमा बारम्बार बढाइँदै गएकाले पनि यो क्षेत्रको कर्जा बढेको हो । चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत नै २ करोडबाट यो कर्जाको सीमा ३ करोड पुर्‍याइएको हो ।

जन आकाश
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ४१,
२०८३ साल जेठ ५ गते मंगलबार
19 MAY 2026, TUESDAY

# खिम्ती ग्रामीण विद्युत सहकारीको १४औं साधारणसभा सम्पन्न

## स्थानीय जनप्रतिनिधि र उपभोक्ताको उल्लेख्य सहभागिता

काठमाडौं । खिम्ती ग्रामीण विधुत सहकारी सस्थाको १४ औ साधारणसभा सम्पन्न भएको छ । रामेछापको गोकुलगगा गाउपालिका वाडन ४ बेतालीमा सस्थाका अध्यक्ष नानिबाबु बस्नेतको अध्यक्षतामा, गोकुलगगा गाउपालिका प्रमुख काजि बहादुर खड्काको प्रमुख अतिथि, उपाध्यक्ष उषादेवि कार्कि बिशेष अतिथि, राष्ट्रिय स्वतन्त्र पार्टीका मोहन कार्की, नेकपा एमालेका बागमती प्रदेश सदस्य अर्जंन कार्की, नेपाली कम्युनिस्ट पार्टीका प्रेम कार्की, सहकारीका




संचालक समितिका पदाधिकारीहरु, गाउपालिकाका जनप्रतिनिधिहरु, शेरधनि, उपभोक्ताहरुको बाक्लो उपस्थितिमा कार्यक्रम भएको छ ।

कार्यक्रमको उदघाटन प्रमुख अतिथि काजि बहादुर खडकाले स्वीज अन गरेर र बिशेष अतिथि पालिका उपाध्यक्ष उषादेवि कार्की ले दिप प्रज्वलन गरि शुरु भएको हो ।कार्यक्रममा सस्थाको आर्थिक प्रतिबेदन कोषाध्यक्ष धिरज खत्रीले प्रस्तुत गरेका छन ।सस्थाका अध्यक्ष नानिबाबु बस्नेतले उपस्तिथि सम्पुर्ण ग्राहक, सन्चालक, कार्यक्रममा आएका मानुभावहरुलाइ धन्यवाद दिएका छन् ।

# पहिलो चरणमा फोरजीको पूर्ण कार्यान्वयन

## दोस्रो चरणमा फाइजी




काठमाडौं । सञ्चार तथा सूचना प्रविधिमन्त्री बिक्रम तिमिल्सिनाले पहिलो चरणमा फोरजी सेवाकै पूर्ण कार्यान्वयनलाई प्राथमिकतामा राखिएको र क्रमशः फाइभ जीमा जाने बताएका छन् ।

पत्रकार भेटघाट कार्यक्रममा उनले फाइभ जी सेवा सञ्चालनका लागि प्रति मेगाहर्ज ४० लाख रूपैयाँसम्म लाग्ने प्रारम्भिक आकलन गरिएको बताएका छन् ।उनले दूरसञ्चार पूर्वाधार विस्तार, सेवा गुणस्तर सुधार तथा नयाँ प्रविधि विस्तारलाई सरकारको प्राथमिक एजेन्डा बनाइएको उल्लेख गरे ।उनले तेस्रो टेलिकम कम्पनी सञ्चालनका लागि आवश्यक सर्भे प्रक्रिया अघि बढी सकेको पनि जानकारी दिए ।प्रतिस्पर्धा बढाएर सेवा पहुँच र गुणस्तर सुधार गर्ने उद्देश्यले सरकार अध्ययन प्रक्रियामा अघि बढेको उनको भनाइ थियो ।

मन्त्री तिमिल्सिनाले लोककल्याणकारी विज्ञापनमा दुरुपयोग भएको गुनासो आएको भन्दै त्यसको छानबिन गरिने बताए ।सरकारले लोकतान्त्रिक मूल्य र प्रेस स्वतन्त्रताको पक्षमै रहेर काम गरिरहेको उनको दाबी थियो ।

नेपाल टेलिकममा सरकारको ठूलो लगानी रहेको उल्लेख गर्दै उनले संस्थाको सेवा प्रणालीलाई थप व्यवस्थित बनाउन बुकिङ सिस्टम लागु गर्ने विषयमा नियमअनुसार काम भइरहेको बताए ।

त्यस्तै, स्मार्ट टेलिकम सम्बन्धी विषय छानबिन प्रक्रियामा गएको जानकारी दिँदै मन्त्री तिमिल्सिनाले प्रणालीगत भ्रष्टाचार रोक्न सरकार प्रतिबद्ध रहेको बताए ।मन्त्रालयअन्तर्गतका संस्थानहरूमा नेतृत्व नियुक्तिको प्रक्रिया पनि अघि बढिरहेको उनले बताए ।कतिपय संस्थानमा काम प्रभावित भएको अवस्थामा आवश्यक परे निमित्त तोकेर काम अगाडि बढाइने उनको भनाइ थियो ।

# स्मार्ट टेलिकम प्रकरण : एनसेलले गऱ्यो एनआईएमबीलाई पैसा फिर्ता गर्न पत्राचार

स्मार्ट टेलिकम प्रकरण : एनसेलले गऱ्यो एनआईएमबीलाई पैसा फिर्ता गर्न पत्राचार

काठमाडौं । स्मार्ट टेलिकमको टावरलगायत उपकरण लिलाम सकारेको एनसेलले नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (एनआईएमबी) लाई आफूले तिरेको ४ अर्ब ६० करोड रुपैयाँ फिर्ता गर्न पत्राचार गरेको छ ।आफूले लिलाममार्फत खरिद गरेका उपकरणको हक हस्तान्तरण गर्न नेपाल दूरसञ्चार प्राधिकरणले अस्वीकार गरेको भन्दै एनसेलले २९ वैशाखमा सो रकम फिर्ता गर्न बैंकलाई पत्राचार गरेको स्रोतले जानकारी दियो ।

लाइसेन्स खारेज भइसकेको स्मार्ट टेलिकमको टावर तथा उपकरणको लिलाम बिक्रीका विषयमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले अनुसन्धान गरिरहेको छ । यही बेला एनसेलले लिलामबाट लिएका उपकरणहरूको स्वामित्व आफ्नो नाममा कानुनी रूपमा आउन नसकेपछि बैंकलाई रकम फिर्ताका लागि पत्राचार गरेको स्रोतले जानकारी दियो ।

पत्रमा उल्लेख भएअनुसार, सार्वजनिक सूचनाका आधारमा एनसेल हाल सञ्चालनमा नरहेको स्मार्ट टेलिकमको उपकरण खरिद प्रक्रियामा सहभागी भएको थियो । त्यस क्रममा लिलाम बिक्रीमा सहभागी हुने कम्पनीमध्ये एनसेलले गरेको बोलकबोल सबैभन्दा आकर्षक देखिएपछि नेपाल इन्भेस्टमेन्ट मेगा बैंक र प्राइम कमर्सियल बैंक लिमिटेडसमेत सहवित्तीयकरण कर्जाअन्तर्गत धितो सुरक्षणमा रहेका स्मार्ट टेलिकमका उपकरणहरू बिक्री गर्न राजी भएका थिए ।

एनसेलले आफूलाई नेटवर्क तथा सेवा विस्तारका लागि आवश्यक पर्ने उपकरण तथा अन्य सामग्री खरिद गर्ने मनसायले बैंक तथा सरकारी निकायहरूलाई समयमै जानकारी गराएको विवरणहरूले देखाउँछन् ।गत ३ असोज २०८२ मा प्रकाशित सार्वजनिक सूचनाका आधारमा एनसेलले पेस गरेको बोली स्वीकृत भएको नेपाल इन्भेस्टमेन्ट बैंकले झन्डै दुई साता पश्चात् २०८२ असोज २० गते जानकारी दिएको थियो ।लगत्तै एनसेलले नियमनकारी निकाय नेपाल दूरसञ्चार प्राधिकरणलाई पनि यसबारे जानकारी गराएको स्रोतले बतायो ।

तर उपकरणको स्वामित्व ग्रहण गर्ने र कम्पनीले आफ्नो नेटवर्कमा समावेश गरी सेवा सञ्चालन गर्नका लागि माग गरेको स्वीकृतिमा नियमनकारी निकायले लिलामी प्रक्रिया र सम्पत्ति हस्तान्तरण गर्ने कार्य दुवै कानुनसम्मत नभएको जानकारी ९ चैत २०८२ मा गराएको स्रोतले जानकारी दियो । एनसेलले त्यसबारे बैंकलाई गत २ वैशाखमा पहिलो साता जानकारी गराएको थियो । दूरसञ्चार ऐन २०५३ अनुसार अनुमतिपत्रको अवधि समाप्त हुने बेला ५० प्रतिशतभन्दा बढी विदेशी लगानी भएको दूरसञ्चार कम्पनीको सम्पत्ति नेपाल सरकारको हुने उल्लेख गरेको छ ।

तर, स्मार्ट टेलिकम नेपाली लगानीको कम्पनी भएको हुनाले उसको लाइसेन्सको अवधि समाप्त भए पनि त्यो सम्पत्ति सरकारको मातहत नआउने कानूनविद् प्रा ।डा । गान्धी पण्डित बताउँछन् । तर नेपाल दूरसञ्चार प्राधिकरणले नियमावलीका आधारमा स्मार्ट टेलिकमको सम्पत्ति आफ्नो नियन्त्रणमा लिएको उल्लेख गरेको छ ।

तर, खराब कर्जा उठाउन बैंकले जारी गरेको सार्वजनिक सूचनाका आधारमा पारदर्शी रूपमा सञ्चालन गरिएको प्रक्रियामा सहभागी भएर आफूले उपकरण खरिद गरेको एनसेलले दाबी गरेको छ । तर, त्यही आरोपमा सीआईबीले स्मार्ट टेलिकमका अध्यक्ष मात्रै होइन नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेलाई समेत पक्राउ गरेपछि अहिले सार्वजनिक वृत्तमा सरकारी कदमको विरोध भइरहेको छ ।


ऋणीले शर्तअनुसार कर्जा असुली नगरेपछि धितो लिलाम गरेर त्यो असुली गर्नु बैंकको प्राथमिक काम हो । तर, धितो लिलाम गरेको आरोपमा बैंकका प्रमुख कार्यकारी अधिकृत पाण्डेलाई पक्राउ गर्नुले कानूनी शासनकै खिल्ली उठाएको कानूनविद्हरु बताउँछन् ।

पछिल्लो समय निजी क्षेत्रलाई निरुत्साहित गर्ने अभिप्रायसहित विभिन्न व्यक्ति अनि संघसंस्थालाई निशाना बनाइराखिएको अवस्थामा नेपालको दूरसञ्चारमा निकै महत्त्वपूर्ण योगदान गरेको कम्पनीलाई समेत जोड्न खोजिएको भन्दै कतिपय विज्ञहरूले आलोचना गरेका छन् ।बैंकिङ क्षेत्रका जानकारहरूले त खुलेरै यो प्रक्रियामा आफ्नो धारणा सार्वजनिक गरेका छन् । दूरसञ्चार प्राधिकरणले समेत आफूहरूलाई यस प्रकरणबारे एनसेलले पत्राचार गरेपछि मात्रै जानकारी प्राप्त भएको सार्वजनिक अभिव्यक्ति दिएको छ ।

तर, ऋण दिने बैंकले पटकपटक सार्वजनिक रूपमा सूचना आह्वान गरेर गरेको लिलामी प्रक्रियाबारे प्राधिकरणका अधिकारीहरूले अनभिज्ञता प्रकट गर्नु आश्चर्यको विषय भएको बैंकरहरू बताउँछन् ।दिइएको ऋण पटकपटक उठाउन पहल गरे पनि सफल हुन नसकेपछि विधिवत् रूपमा सकार्न खोजेकै आधारमा बैंकका सीईओ पक्राउ पर्नुले अत्यन्तै गलत नजिर स्थापित गर्ने नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सन्तोष कोइरालाले बताए ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरु पौडेलले पनि सीआईबीले बैंकिङबाहेकका विषयमा अनुसन्धान गरिरहेको भए आफूलाई जानकारी नभएको भन्दै धितो लिलाम गर्नु बैंकको अधिकारले जानकारी दिए ।

# नेपालको पहिलो 'सुपर वालेट' सुविधा अब खल्तीका सबै प्रयोगकर्ताका लागि




काठमाडौं । आइएमई खल्ती लिमिटेड (खल्ती)ले आफ्ना सम्पूर्ण प्रयोगकर्ताहरूका लागि सुपर वालेटु सुविधा सार्वजनिक गरेको छ । ग्लोबल आइएमई बैंक लिमिटेडसँगको साझेदारीमा सञ्चालित यो सेवा नेपालकै पहिलो यस्तो डिजिटल वालेट सुविधा हो ।

जसले प्रयोगकर्ताहरूलाई आफ्नो वालेटमा रहेको मौज्दातमा प्रत्यक्ष ब्याज प्रदान गर्दछ ।यससँगै खल्ती नेपालमा नियो बैंकिङ युगको सुरुवात गर्ने पहिलो डिजिटल भुक्तानी प्लेटफर्म बनेको छ ।

यसअघि यो ब्याज सुविधा साविकको आइएमई पेबाट माइग्रेट भएका सीमित प्रयोगकर्ताहरूका लागि मात्र उपलब्ध थियो । तर अब यो सीमा हटाउँदै खल्तीले आफ्ना सम्पूर्ण केवाइसी प्रमाणित व्यक्तिगत प्रयोगकर्ताहरूका लागि सुपर वालेटु को सुविधा विस्तार गरेको छ ।यससँगै खल्ती वालेट अब केवल भुक्तानी गर्ने माध्यम मात्र नभई प्रयोगकर्ताको एक आधुनिक बचत उपकरणका रूपमा परिणत भएको छ ।

सुपर वालेटमा आकर्षक ब्याजदर सुविधा छ ।हाल वार्षिक २ ।७५ प्रतिशतका दरले ब्याज प्रदान गरिने र यो दर साझेदार बैंकद्वारा निर्धारित मानक ब्याजदरमा आधारित रहेको हुनाले मासिक रूपमा परिवर्तन हुन सक्ने कम्पनीले जनाएको छ । स्वचालित ब्याजको सुविधा पनि यसअन्तर्गत प्रयोगकर्ताले पाउनेछन् ।सुपर वालेट सक्रिय भएपछि वालेटमा रहेको मौज्दातमा दैनिक आधारमा ब्याज गणना भई मासिक रूपमा स्वतः वालेटमा जम्मा हुने कम्पनीको भनाइ छ ।

यस्तै सरल डिजिटल प्रक्रिया रहेकाले कुनै बैंक भ्रमण वा झन्झटिलो कागजी प्रक्रिया बिना नै खल्ती एपबाटै यो सुविधा तुरुन्त सुरू गर्न सकिने कम्पनीको भनाइ छ ।कम्पनीका अनुसार सुपर वालेट सुविधा प्राप्त गर्न प्रयोगकर्ताको खाता केवाइसी प्रमाणित हुनुपर्नेछ ।

यस्तै केवाइसी प्रमाणित भई कम्तीमा १० वटा सफल कारोबार सम्पन्न गरेको वा केवाइसी प्रमाणित भई वालेटमा ओभरनाइट ब्यालेन्स १ हजार रूपैयाँ कायम गरेको व्यक्तिगत खातामा यो सुविधा उपलब्ध हुनेछ ।यो सुविधा व्यक्तिगत खाताका लागि मात्र उपलब्ध छ । पिओएस र मर्चेन्ट खाताहरू यसका लागि योग्य नहुने कम्पनीले जनाएको छ ।

# गरिमा विकास बैंकलाई 'बेस्ट म्यानेज्ड डेभलपमेन्ट बैंक २०२४' अवार्ड सम्मान

काठमाडौं । गरिमा विकास बैंक लिमिटेडले 'बेस्ट म्यानेज्ड डेभलपमेन्ट बैंक २०२४' को प्रतिष्ठित उपाधि प्राप्त गरेको छ । न्यु बिजनेस एज लिमिटेडद्वारा शुक्रबार काठमाडौंमा आयोजित 'न्युबिज कन्क्लेभ एण्ड बिजनेस एक्सिलेन्स अवाड्र्स' को १०औं संस्करणमा बैंक यस विधाबाट सम्मानित भएको हो ।

अर्थमन्त्री डा.स्वर्णिम वाग्लेको प्रमुख आतिथ्यतामा आयोजित एक विशेष समारोहका बीच बैंकलाई उक्त अवार्ड हस्तान्तरण गरिएको थियो । यो उपाधिले आफ्ना ग्राहकहरूलाई निरन्तर सरल, सुरक्षित, गुणस्तरीय एवं प्रविधिमैत्री सेवा प्रदान गर्ने बैंकको लक्ष्यमा थप हौसला प्रदान गरेको बैंकले जनाएको छ ।




यस सुखद अवसरमा बैंकले आफ्ना सम्पूर्ण ग्राहक, शेयरधनी, कर्मचारी, नियमनकारी निकाय र शुभेच्छुकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गरेको छ । गरिमा विकास बैंकले यसअघि पनि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मानहरू प्राप्त गरिसकेको छ ।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



# देशको मुख्य राजनीतिक शक्ति कांग्रेस हो : सभापति थापा

काठमाडौं । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले कांग्रेस देशको मुख्य राजनीतिक शक्ति भएको बताएका छन् ।

काभ्रेको धुलिखेलमा सोमबार देखि सुरू भएको 'प्रदेश र स्थानीय तह केन्द्रीत प्रदेश स्तरीय भेला' सम्बोधन गर्दै उनले कांग्रेस सबैभन्दा जिम्मेवार शक्ति भएको बताए । 'कांग्रेस देशको मुख्य राजनीतिक शक्ति हो । हामी सबैभन्दा जिम्मेवार शक्ति हौं,' उनले भने, 'हामीले त्यसरी सोच्नु पर्छ ।'

सभापति थापाले कांग्रेससँग प्रतिक्रिया दिएर भाग्ने सुविधान नभएको पनि बताए । अरू कसैले सम्हाली दिन्छ भनेर ढुक्क भएर सुत्ने सुविधा पनि कांग्रेससँग नभएको उनको भनाइ थियो ।



'हामीसँग प्रतिक्रिया दिएर भाग्ने सुविधा छैन,' सभापति थापाले भने, 'वा अरू कसैले सम्हाली दिन्छ भनेर ढुक्क भएर सुत्ने सुविधा पनि हामीसँग छैन ।'

सभापति थापाले देश संविधानभन्दा दायाँ–बायाँ जाँदा कांग्रेसले सम्हाल्नु पर्नेमा जोड दिए । 'संविधानभन्दा दायाँ–बायाँ देश जान हुन्न,' उनले भने, 'यसलाई सम्हाल्नु पर्छ हामीले । संविधानको 'ट्र्याक'भन्दा दायाँ–बायाँ बरालिँदै सरकारलाई समातेर ट्र्याक राख्ने काम कांग्रेसको भएको सभापति थापाको भनाइ थियो ।

'सरकार कहिलेकाहीं संख्याको आधारमा बरालिने सम्भावना रहन्छ,' उनले भने, 'संविधानको ट्र्याकभन्दा दायाँ–बायाँ सरकार बरालिँदै गर्दा च्याप्प समातेर ट्र्याक राख्ने काम हाम्रो हो ।'

# म्याग्दीमा 'रेडपाण्डा'को अवस्था पहिचान गर्न' क्यामेरा ट्र्यापिङ'



म्याग्दी । सङ्कटापन्न जनावर रेडपाण्डा (हाब्रे)को अवस्था पहिचान गर्न म्याग्दीको धौलागिरि गाउँपालिकामा पर्ने जलजला र ढोरपाटन शिकार आरक्ष क्षेत्रमा क्यामेरा जडान गरिएको छ ।

दातृ निकाय टोलेडोजुको सहयोगमा जैविक विविधता संरक्षण समाज नेपाल (बायोकस) नेपालले रेडपाण्डाको बसोबास भएको धौलागिरि गाउँपालिका २ र ३ मा पर्ने जलजला, मुना, मरेनी र ढोरपाटन शिकार आरक्ष क्षेत्रमा ' क्यामेरा ट्र्यापिङ' विधिबाट हाब्रेको अवस्था पहिचान गर्न थालिएको हो ।

बायोकस नेपालका कार्यक्रम अधिकृत पवन राईले हाब्रेको आवतजावत हुने सम्भावित र दिसा भेटिएका ठाउँमा १२ वटा स्वचालित क्यामेरा जडान गरिएको जानकारी दिए । 'क्यामेरामा कैद हुने दृष्यको आधारमा रेडपाण्डाको अनुमानित सङ्ख्या पहिचान गर्न सहयोग पुग्नेछ', उनले भने,'यस क्षेत्रमा हाब्रेको पेट र आन्द्रामा हुने परजीवि (किरा/जुका)को अवस्थाका विषयमा पनि अध्ययन भइरहेको छ ।'

हाब्रेको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिने र संरक्षणमा सहयोग गर्ने उद्देश्यले हाब्रेको दिसाको परीक्षण गरि अध्ययन गर्न प्राविधिक टोली परिचालन भएको छ । समुद्री सतहबाट दुई हजार २०० देखि चार हजार ५०० मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले सङ्कटापन्न वन्यजन्तुको सूचीमा राखेको छ ।

यसअघि जलजलामा तीन वटा क्यामेरा जडान गरिएकोमा दुई वटामा रेडपाण्डा भेटिएको कार्यक्रम अधिकृत राइले बताउनुभयो । सो क्षेत्रमा छवटादेखि २५ वटासम्म रेडपाण्डाको बसोबास भएको उनले बताए ।

स्थानीयवासीले विसं २०८० को असोजमा ढोरपाटन शिकार आरक्षको गुर्जाघाट, २०८१ को मङ्सिर र २०८३ वैशाख ३१ गते मुनाको दहपातल सामुदायिक वनको बञ्चरेडाँडा क्षेत्रमा हाब्रे भेटिएको तस्विर भिडियो सार्वजनिक गरेका थिए ।

विसं २०७३ मा विश्व वन्यजन्तु कोषको र हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटवर्क र हिमाली संरक्षण मञ्चले जलजला क्षेत्रमा पर्ने मरेनीमा रेडपाण्डाको दिसा भेट्टाएका थिए । रातका समयमा रूखको टोड्कामा बास लिने र दिउँसोमा रूखका हाँगा बसी आराम गर्ने रेडपाण्डा भोक लागेको बेला निगालोको टुसालगायत झारपात खान भुइँमा झर्छ ।

रेडपाण्डाका लागि आवश्यक आहारा निगालो तथा पालिङ्गो र टोट्का परेका रुख गुर्जा, लुलाङ र मुनाको जङ्गलमा पर्याप्त छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत रेडपाण्डालाई संरक्षितको सूचीमा राखिएको हो ।

रेडपाण्डाको चोरी सिकारमा संलग्नलाई एक वर्षदेखि १० वर्ष कैद र एक लाखदेखि पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ । पछिल्लो अध्ययनअनुसार हाब्रेको सङ्ख्या नेपालमा ५०० देखि एक हजार वटा रहेको अनुमान गरिएको छ । विश्वमा नेपाल, चिन, भारत, भुटान र म्यानमारमा मात्र हाब्रेको वासस्थान छ । नेपालमा एलुरेन्स फ्युजन्स जातको हाब्रे रहेको छ ।

## संसद्मा पत्रकारलाई दुःख नदिइयोस् : खगेन्द्र सुनार

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद खगेन्द्र सुनारले अन्तर्राष्ट्रिय जगतमा समेत लाजै हुने गरी संसद्मा पत्रकारलाई दुःख नदिन आग्रह गरेका छन् ।

'संसदीय मामिलाका रिपोर्टिङमा खटिएका पत्रकार साथीहरूको संसद्को गेट बाहिरको दुःख देखेर, यो हरिबिजोक देखेर मन खिन्न भयो,' सुनारले सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै भने ।

रातदिन भोक निन्द्रा नभनेर जनतालाई सूसुचित गर्ने कर्ममा लागेका संसदीय मामिलामा लागेका पत्रकारहरूलाई कम्तीमा तिर्खा लाग्दा पानी पिउने व्यवस्था गरिदिनुपर्ने उनले बताए ।

'... कम्तीमा तिर्खा लाग्दा पानी पिउन पाउने र पिशाव लाग्दा वासरुम जान पाउने व्यवस्था गरियोस् । यसको लागि म सदनको ध्यानाकर्षण गराउन चाहन्छु,' उनले भने ।

पत्रकारहरूलाई संसद् परिसरमा पानी पर्दा क्यामरा लुकाउन र घाम लाग्दा टाउने लुकाउन हम्मे हम्मे पर्ने गरेको उल्लेख गर्दै उनले भने, 'अन्तर्राष्ट्रिय जगतमा समेत लाजै हुने गरी पत्रकार साथीहरूलाई दुःख नदिन पनि म यो सम्मानित सदनको ध्यानाकर्षण गराउन चाहन्छु ।'

# शिक्षा र स्वास्थ्य क्षेत्रमा पर्याप्त बजेटको व्यवस्था गर्न सरकारलाई कांग्रेसको सुझाव

काठमाडौं । प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले शिक्षा र स्वास्थ्य क्षेत्रमा पर्याप्त बजेटको व्यवस्था गर्न सरकारलाई सुझाव दिएको छ ।

सोमबार प्रतिनिधि सभा बैठकमा सरकारको आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा भाग लिने क्रममा नेपाली कांग्रेसकी प्रमुख सचेतक बासना थापाले सो सुझाव दिएकी हुन् ।

'सरकार आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । अब बजेट विनियोजनको तयारीमा छ । त्यसैले स्वास्थ्य र शिक्षाको क्षेत्रमा कटौती होइन, प्रभावकारी लगानी आवश्यक छ । पोषण, शिक्षा, स्वास्थ्य । यी तीनवटा विषयलाई एउटै विकास सूचिमा जोडन म सरकारलाई पनि सुझाव दिन चाहन्छु,' उनले भनिन् । मुलुकको अर्थतन्त्रमा देखिएको चुनौती अहिले पनि यथावत रहेको जिकिर गर्दै त्यसमा सुधार ल्याउनका लागि सरकारले विशेष पहल गर्नुपर्ने उनको भनाइ थियो ।

'माननीय अर्थमन्त्रीज्युलाई स्मरण गराउन चाहन्छु । अहिले पनि अर्थतन्त्रका मुख्य चुनौती यथावत छन् । पूँजीगत खर्च कमजोर छ । निजी



क्षेत्र निरुत्साहित र त्रासमा छ । अस्वभाविका मूल्य वृद्धिले जनता निरुत्साहित छन्,' उनले भनिन्, 'युवा पलायन तीव्र छ । कृषिमा परनिर्भरता उच्च छ र सार्वजनिक सेवा जटिल र झन्झटिलो छ । नेपाली कांग्रेसको स्पष्ट दृष्टिकोण छ-आगामी बजेटले यी विषयलाई प्राथमिकता दिनुपर्दछ ।'

प्रमुख सचेतक थापाले सरकारले रोजगारीको अवसर सृजना हुने खालका कार्यक्रमहरूलाई पनि बजेटमा प्राथमिकताका साथ राख्न आग्रह पनि गरिन् ।

# चौमासिक कार्यसम्पादन मूल्यांकन विवरण सार्वजनिक गर्ने प्रस्तावित प्रधानन्यायाधीशको प्रतिबद्धता



काठमाडौं । प्रस्तावित प्रधानन्यायाधीश डा.मनोज शर्माले कार्यसम्पादन मूल्यांकनको प्रगति विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने प्रतिवद्धता जनाएका छन् ।

संसदीय सुनुवाइ समितिमा आफ्नो कार्ययोजना पेस गर्दै उनले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

सुनुवाइबाट अनुमोदन हुनेले आफ्नो कार्यसम्पादन मूल्यांकनको प्रगति विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने प्रतिवद्धता जनाउनुपर्नेगरी संसदीय सुनुवाइ समितिले आफ्नो कार्यविधि बनाएको छ । यसलाई मानेर सर्वोच्च अदालतको वेबसाइटबाट सार्वजनिक गर्ने प्रतिवद्धता डा.शर्माले जनाएका हुन् । 'संसदीय सुनुवाइ समितिको कार्यविधि, २०८३ को दफा २९ बमोजिम प्रस्तुत कार्ययोजना बमोजिमको कार्यसम्पादन मूल्याङ्कनको प्रगति विवरण सर्वोच्च अदालतको वेभ साइटमा समेत चौमासिक रुपमा सार्वजनिक गर्ने प्रतिवद्धता व्यक्त गर्दछु', डा.शर्माको कार्ययोजनामा उल्लेख छ । आफ्नो जिम्मेवारी के हो ? भन्नेमा समेत आफू प्रष्ट रहेको उनले बताएका छन् । यस सन्दर्भमा उनले अगाडि लेखेका छन्, 'नेपालको संविधानबमोजिम स्वच्छ, निष्पक्ष, छिटोछरितो एवम् गुणस्तरीय न्याय सम्पादन गरी सबैका लागि न्याय सुनिश्चित गर्ने प्रधान न्यायाधीशको प्रमुख जिम्मेवारी रहेको प्रति म स्पष्ट र प्रतिबद्ध छु ।'

साथै, नेपालको संविधानको धारा १३६ बमोजिम न्याय प्रशासनलाई प्रभावकारी बनाउने प्रधान न्यायाधीशको अन्तिम जिम्मेवारीप्रति पनि त्यत्तिकै सजग र संवेदनशील रहेको उनले बताएका छन् ।

संसदीय सुनुवाइ समितिमा प्रस्तुत कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट न्यायिक सुशासन र न्यायपालिकाप्रतिको जनताको आस्था एवम् विश्वास अभिवृद्धिमा योगदान पुग्ने उनको अपेक्षा छ ।

**डिभिजन वन कार्यालय काठमाडौंको अनुरोध**

**वन डढेलो नियन्त्रण गरौ,**
**जैविक विविधता संरक्षणमा योगदान गरौ ।**

- सुख्खा सिजनको शुरुवातसंगै वन डढेलोको घटना तीव्र भई लाखौं मूल्य बराबरको वन, वनस्पति, वन्यजन्तु लगायतका मानव जीवनसंग प्रत्यक्ष सरोकार राखे जैविक विविधता नष्ट भएर जाने गरेको हुँदा वन डढेलो नियन्त्रण मार्फत प्राकृतिक धनको संरक्षणम योगदान गरी सचेत नागरीकको कर्तव्य निर्वाह गरौं
- राम्रो घाँस पलाउँछ भनेर वन क्षेत्रमा आगो लगाउने गोठालाहरुलाई आगलागीबाट हुन सक्ने नोक्सानी बारे सम्झाऔं ।
- वन क्षेत्रमा चुरोट, बिडी खाई जथाभावी नफालौं । वन क्षेत्रमा सलाई, बिडी चुरोट र राँको बाल्ने कार्यमा रोक लगाऔं ।
- वनभोज गर्दा अथवा वन क्षेत्रमा राती बास वस्दा खाना पकाई सकेपछि आगो राम्ररी निभाऔं ।
- कहींकतै वन डढेलो लागेको थाहा पाउने बितिकै आफू पनि नियन्त्रणमा लागौ र छिमेकी समूहसंग समेत सहयोग मागौं । तत्काल डिभिजन वन कार्यालय, सब डिभिजन वन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा खबर गरी सचेत नागरिकको कर्तव्य पूरा गरौं ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४१,
२०८३ साल जेठ ५ गते मंगलबार
19 MAY 2026, TUESDAY

# काठमाडौं महानगरको शिक्षक दरबन्दी मिलानदेखि विद्यालय व्यवस्थापनसम्म नयाँ नीति




काठमाडौं । काठमाडौं महानगरपालिकाले नगर क्षेत्रभित्रको विद्यालय शिक्षालाई व्यवस्थित र पारदर्शी बनाउन शिक्षक दरबन्दी मिलान, छात्रवृत्ति वितरण र विद्यालय व्यवस्थापन समिति गठनमा नयाँ नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याएको छ ।

महानगरपालिकाको शिक्षा विभागका प्रमुख नमराज ढकालले हालैका निर्णय र भावी योजनाबारे जानकारी दिँदै शिक्षा क्षेत्रमा सुधारका विभिन्न पहलहरू सुरु भएको बताए । महानगरले हालसम्म दुई चरणमा गरी करिव एक सय जना शिक्षकको दरबन्दी मिलान गरिसकेको छ ।

पहिलो र दोस्रो चरणमा शिक्षकहरूको चाहना र विद्यालयको आवश्यकतालाई प्राथमिकता दिइएकोमा अब तेस्रो चरणमा पूर्णतः आवश्यकताका आधारमा शिक्षक खटाउने तयारी गरिएको छ । यस्तै, निजी वा आन्तरिक स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापन सम्बन्धित विद्यालयले नै गर्नुपर्ने र आन्तरिक स्रोत उपलब्ध भए कार्यविधि बनाएर उपदान वा क्षतिपूर्तिको व्यवस्था गर्न सकिने विभागले जनाएको छ । स्रोत नभएका विद्यालयको हकमा शिक्षा विभागमा सिफारिस गरेपछि आवश्यक निर्णय लिइने बताइएको छ । 'केही नेपाल ऐन संशोधन अध्यादेश २०८३' मार्फत शिक्षा ऐनमा भएको परिवर्तनसँगै विद्यालय व्यवस्थापन समितिको संरचनामा पनि हेरफेर हुने भएको छ । यसअघि चन्दादाता वा बुद्धिजीवीमध्येबाट अध्यक्ष चयन हुने व्यवस्था संघीय कानुनसँग बाझिएर अदालतबाट खारेज भइसकेकाले अबदेखि उक्त प्रावधान हटाइएको छ ।

अब ४ जना अभिभावक, २ जना समाजसेवी/बुद्धिजीवी र १ जना वडा प्रतिनिधिको प्रतिनिधित्व रहने व्यवस्था छ । हाल बहाल रहेका समितिहरूको हकमा कानुनी परामर्श गरी छिट्टै थप निर्णय लिइने प्रमुख ढकालले स्पष्ट पारे । कक्षा १ देखि १० सम्मका विद्यार्थीका लागि प्रदान गरिने छात्रवृत्तिको छनोट प्रक्रियालाई थप पारदर्शी र उत्तरदायी बनाउन 'छात्रवृत्ति छनोट समिति' गठन गरिएको छ ।

वडाध्यक्ष वा उनले तोकेको सदस्य संयोजक रहने यस समितिमा विद्यालयका प्रधानाध्यापक, विद्यालय निरीक्षक र एक जना अभिभावक सदस्य रहनेछन् । महानगरले विद्यार्थी संख्याका आधारमा छात्रवृत्तिको प्रतिशत समेत निर्धारण गरेको छ । ५०० सम्म विद्यार्थी भएका विद्यालयमा १० प्रतिशत, ५०० देखि ८०० सम्म विद्यार्थी भएका विद्यालयमा १२ प्रतिशत र ८०० भन्दा बढी विद्यार्थी भएका विद्यालयमा १५ प्रतिशत रहेको छ । यसपटक छात्रवृत्ति व्यवस्थापनका लागि जेठ महिनाभरको समय सीमा दिइएको र यसको कडाइका साथ अनुगमन गरिने महानगरले जनाएको छ ।

परीक्षाको गोपनीयता र मर्यादित सञ्चालनका लागि महानगरले कर्मचारी तहबाटै परीक्षा समितिलाई निरन्तरता दिने निर्णय गरेको छ । प्रश्नपत्र निर्माण, छनोट र नतिजा प्रकाशन जस्ता प्राविधिक र संवेदनशील विषय भएकाले यसलाई विज्ञ र कर्मचारीहरूकै नेतृत्वमा राखिएको हो । यद्यपि, शिक्षा समितिले यसको अनुगमन र आवश्यक सुधारको अधिकार राख्ने बताइएको छ ।

सरकारले कार्यान्वयनमा ल्याएको आईतवारको सार्वजनिक बिदाका सम्बन्धमा महानगरले हाललाई सरकारी निर्णयकै पालना गरिरहेको छ । उनका अनुसार आइतबार विद्यालय खोल्ने वा नखोल्ने विषयमा छिमेकी पालिकाहरू र सरोकारवालासँग छलफल भइरहेको छ । बिदाका कारण हुने शैक्षिक क्षतिलाई हिउँदे वा बर्खे बिदाबाट कटौती गर्ने तथा त्रैमासिक परीक्षाहरूलाई आन्तरिक मूल्याङ्कनमा सिमित गरी समय व्यवस्थापन गर्ने विषयमा बहस भइरहेको र छिट्टै निष्कर्षमा पुगिने ढकालको भनाइ छ ।

# सहकारी पीडितको बचत फिर्ता गर्ने चक्रीय कोषमा सरकारले थप २५ करोड दिने

काठमाडौं । समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता गर्ने चक्रीय कोषमा सरकारले थप २५ करोड रुपैयाँ उपलब्ध गराउने भएको छ । चालु आर्थिक वर्षको बजेटमा भएको व्यवस्था अनुसार सरकारले २५ करोड रुपैयाँ विनियोजन गरेकोमा थप २५ करोड पनि दिने तयारी गरेको हो ।

सरकारले दिने थप २५ करोड रुपैयाँसहित कोषमा सरकारको तर्फबाट ५० करोड योगदान हुनेछ । सरकारले समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता गर्न चक्रीय कोष स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि, ०८३ बनाइ लागु गरिरहेको छ । स्थापित चक्रीय कोषमा सरकारले दिएको र समस्याग्रस्त सहकारीका ऋणीको सम्पत्ति बिक्रीबाट प्राप्त रकम जम्मा हुन्छ । सोही रकमबाट पीडित बचतकर्ताको रकम फिर्ता हुँदै जानेछ । बचत फिर्ता सोमबारबाट सुरु भएको छ ।

विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताको ३६ नम्बर बुँदामा सहकारी क्षेत्रका समस्या समाधान गर्ने विषयमा उल्लेख गरिएको अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बताए । सहकारी क्षेत्रको समस्याको विषयमा मंगलबार राष्ट्रियसभामा बोल्दै उनले पीडित बचतकर्ताको समस्या दीर्घकालीन रुपमै समाधान गरिने प्रतिबद्धता जनाए ।



'सोमबारदेखि समस्याग्रस्त सहकारीका साना बचतकर्ताको रकम फिर्ता गर्ने काम पनि सुरु भएको छ,' वाग्लेले भने, 'सरकारले बचतकर्ताको रकम फिर्ता गर्न सहजीकरणका लागि स्थापना भएको कोषमा यसै साल २५ करोड विनियोजन गरेको छ। थप २५ करोड विनियोजन गर्नका लागि तयार भएको अवस्था छ ।' भूमि, सहकारी मन्त्रालयले बचत फिर्ताको कामलाई अघि बढाएको वाग्लेले बताए । 'कोषमा राखेको रकम राज्यकोषबाट दिइने होइन, त्यस्तो वितरणमा हामी विश्वास गर्दैनौं,' वाग्लेले भने, 'सहकारीकै सम्पत्तिलाई बिक्री गरेर आएको पैसा चक्रीय कोषमा राखेर त्यसैबाट बचतकर्तामा जाने प्रक्रिया सुरु भएको हो । अहिले सरकारले अस्थायी सहजीकरण मात्र गरेको हो ।'

# नेपाल बारलाई रास्वपा सांसद न्यौपानेको सुझाव– लाल्टिनलाई राजनीति गर्ने औजार नबनाऔं



काठमाडौं। कानुन व्यवसायीहरुले आज लालटिन बालेर गर्न लागेको प्रदर्शनको रास्वपा सांसद यज्ञमणि न्यौपानेले विरोध जनाएका छन् ।

नेपाल बार एसोसिएसनको अगुवाइमा कानुन व्यवसायीहरुले गर्न लागेको प्रदर्शनको विरोध गर्दै न्यौपानेले लाल्टिनलाई राजनीति गर्ने औजार नबनाउन आग्रह गरेका छन् ।

कानुन पृष्ठभूमिबाट राजनीतिमा आएका न्यौपानेले फेसबुकमा लेखेका छन्, 'समाजमा आगो लाग्दा इनार खोज्न ननिस्किने, घर जलिसकेपछि धुवाँ देखेर बाल्टिन बोकेर हिरो बन्न निस्किने शैली पनि कस्तो शैली हो !'

उनले थप लेखेका छन्, 'न्यायको पहरेदार भन्ने, तर अन्यायको चिच्याहट सुन्नेबित्तिकै मोबाइल साइलेन्टमा राख्ने । अनि आज एकाएक लाल्टिन बोक्दै क्रान्तिको अभिनय !'

अदालतमा रिट निवेदन दर्ता नै हुन नसक्ने परिस्थिति निर्माण भएको भन्दै त्यसको विरोधमा लालटिन बालेर प्रदर्शन गर्ने निर्णय नेपाल बार एसोसिएसनको आइतबारको बैठकले गरेको थियो । सो निर्णय अनुसार आज दिउँसो १ बजे नेपाल बारको कार्यालय प्राङ्गणमा लालटिन बालिन प्रदर्शन गरिँदै छ ।

त्यसको विरोधमा सांसद न्यौपानेले लेखेका छन्– नवोदित कानुन व्यवसायीका पीडा देख्दा आँखा चिम्लिने बार, गरिब असहायले न्याय नपाउँदा कानमा तेल हालेर बस्ने बार, न्याय सम्पादनमा विचलन आउँदा मौन व्रत बस्ने बार, विवादास्पद फैसला आउँदा जिब्रो टोक्ने बार, भ्रष्टाचारका मुद्दा तामेलीमा जाँदा निद्रामा पर्ने बार, राजनीतिक कोटामा न्यायाधीश भर्ती हुँदा "सबै ठीक छ" भन्ने बार, कर्मचारीले राजनीति गर्दा चुप लाग्ने बार, भनसुन र पहुँचका भरमा फैसला भएको गाइँगुइँ चल्दा घाँटी सफा नगर्ने बार, गरिब वकिलको स्वास्थ्य बीमाको कुरा उठ्दा बाटो बदल्ने बार, आज अचानक लाल्टिन बोकेर न्याय बचाउन निस्कने रे !

उनले नेपाल बारलाई सुझाव दिँदै लेखेका छन्, 'लाल्टिन बाल्नै मन छ भने गरिबले न्याय नपाएको मुद्दामा बाल्नुस् । ढिलो न्याय भएर मानिसको जीवन सकिएको ठाउँमा बाल्नुस् ।'

'गलत फैसला भएर परिवार उजाडिएको ठाउँमा बाल्नुस् । गलत निर्णय गर्नेको जिम्मेवारी नतोकिएको ठाउँमा बाल्नुस् । न्याय खोज्दा नागरिकका जुत्ता च्यातिने अनि पहुँचवालाको फाइल लिफ्ट चढेर माथि पुग्ने प्रणालीमा बाल्नुस्,' न्यौपानेको थप सुझाव छ ।

उनले लेखेका छन्, 'न्यायपालिकालाई सुधार गर्नुपर्छ भने पुनर्संरचनाको कुरा गरौं, संस्थागत परिवर्तनको कुरा गरौं, नागरिकले छिटो र सुलभ न्याय पाउने व्यवस्था खोजौं । तर लाल्टिनलाई पनि राजनीति गर्ने औजार नबनाऔं ।'

---

**कार्की र शेर्पाले..**

यसरी नै साहासी कामहरु गर्दै आएका प्रहरीहरु भएको सशस्त्र प्रहरीले जारी गरेको नोटहरुमा उल्लेख छ ।

पर्वतीय उद्धार तथा उच्च हिमाली क्षेत्रमा दक्षता हासिल गरेका आरोहीहरुले मनाङ जिल्लास्थित चुलु फार इष्ट हिमाल तथा लोबुचे हिमालको समेत सफल आरोहण गरिसकेका छन् । आरोही निम डिक्की शेर्पा र आरोही अनिता कार्कीको सगरमाथा आरोहण अभियानमा क्रमशः शेर्पा निमा साङ्गे शेर्पाले र टासी ग्याल्जेन शेर्पाले मार्गदर्शक तथा सहयोगीको भूमिका निर्वाह गरेका थिए ।

नेपालको लागी सशस्त्र प्रहरीका महिला प्रहरीले देखाएको कौशलता, साहस र दृढताले नेपाल देशको शिर अझै उच्च बनाएको छ साथै नेपालका महिलाहरुका लागी प्रेरणा बनेका छन् । महिलाहरु चै केमा कम छन् भन्ने उदारण पुनः पाशाङ ल्हामु शेर्पाले सगरमाथा चढेर बनाएको ईतिहासमा महिलाहरुले पुनः साहसी कामहरु गर्दै हौशलाहरु थप्दै लगेका छन् ।

**महावीर पुन...**

उत्पादन महँगो हुन्छ, जसका कारण हाम्रा उद्योगहरूले प्रतिस्पर्धा गर्न सक्दैनन् । विकसित मुलुकहरूले कच्चा पदार्थमा कर लगाउँदैनन्, नेपालले पनि यो नीति अवलम्बन गर्नुपर्छ,' उनले भने ।

बौद्धिक सम्पत्तिको संरक्षणका लागि नेपालमा व्यवस्थित 'पेटेन्ट अफिस' नभएको प्रति उनले सरकारको ध्यानाकर्षण पनि गराए ।

नेपाली आविष्कारकहरूले आफ्नो सिर्जना दर्ता गर्न विदेश जानुपर्ने बाध्यता रहेको र अन्तर ाष्ट्रिय स्तरमा पेटेन्ट दर्ता प्रक्रिया खर्चिलो हुने भएकाले त्यसमा सरकारले अनुदान दिनुपर्ने उनको माग छ ।

यस्तै, नयाँ उद्यमी र आविष्कारकहरूलाई प्रोत्साहन गर्न शुरुवाती चरणमा कर छुटको व्यवस्था हुनुपर्ने उनले उल्लेख गरे ।

अनुसन्धानको कार्य एक आर्थिक वर्षभित्र मात्र ससमित नहुने भएकाले यसलाई बहुवर्षीय योजना र बजेटको दायरामा राख्नुपर्ने उनको सुझाव छ ।

**दुर्गा प्रसाई...**

उक्साउने प्रकृतिका गतिविधिमा संलग्न रहेको भन्ने उजुरीका आधारमा उनीमाथि अनुसन्धान अघि बढाइएको छ ।

प्रसाईंमाथि विद्युतीय कारोबार ऐन तथा सार्वजनिक शान्तिविरुद्धको कसुरअन्तर्गत अनुसन्धान भइरहेको जनाएको छ । अनुसन्धानका क्रममा उनका अभिव्यक्ति, सार्वजनिक कार्यक्रम तथा सामाजिक सञ्जाल गतिविधिबारे थप विवरण संकलन भइरहेको जिल्ला प्रहरी कार्यलय पर्साका प्रहरी प्रवक्ता हरि बहादुर बस्नेतले बताए ।

**युक्रेनी सेना...**

विस्फोटक पदार्थ बोकेका ड्रोनहरू प्रयोग गरेर आक्रमण गरेको छ ।

यस भीषण आक्रमणका कारण कुर्स्कको बेलाया जिल्लास्थित गिरयी गाउँमा रहेको मिलको भण्डारण गृहको पर्खाल भत्किएको छ भने मालोए सोल्दात्स्कोएमा एउटा फिल्ड इन्जिनमा क्षति पुगेको छ । त्यस्तै, ओबोयान जिल्लाको नोभाया क्रिभ्त्सोभ्का गाउँमा युक्रेनी आक्रमणका कारण एउटा निजी घर पूर्ण रूपमा जलेर नष्ट भएको गभर्नरले जनाएका छन् ।

यसअघि सोमबार साँझ ग्लुस्कोभो जिल्लाको मार्कोभो गाउँमा रहेको एउटा घरलाई लक्षित गरी युक्रेनी सेनाले गरेको आक्रमणमा परी बारीमा काम गरिरहेकी एक महिलाको मृत्यु भएको थियो । उक्त घटनामा अन्य दुई जना गम्भीर घाइते भएका थिए । मध्यपूर्वमा जारी तनाव र आन्तरिक मोर्चाको दबाबका बीच रुस-युक्रेन सीमा क्षेत्रमा युद्धको यो शृङ्खला अझ तीव्र बन्दै गएको देखिन्छ ।

**त्रिविको ८० प्रतिशत...**

तर सोचौं त भौतिक उपस्थितिको प्रतिशतले मात्रै ज्ञान मापन गर्न सकिन्छ ?,' सचेतक धितालले प्रश्न गरिन् ।

विश्व खुला ज्ञानको युगमा प्रवेश गरिसकेको बताउँदै उनले अझै पनि हामी विद्यार्थीको भौतिक उपस्थिति नै गन्ने मानसिकतामा अल्झिरहेको भन्दै चिन्ता व्यक्त गरिन् ।

'यदि विद्यार्थी कक्षामा बसेर पनि सिकिरहेको छैन भने शत प्रतिशत उपस्थिति पनि निरर्थक हुन्छ,' उनको भनाइ छ ।

अन्तर्राष्ट्रिय अभ्यास स्मरण गराउँदै उनले विकल्प र प्रविधिमा पहुँचको विषयमा पनि ध्यान दिन आग्रह गरिन् । 'विकल्प पनि छ, प्रविधिमा पहुँच पनि छ । केवल नियम नक्कल गरेर शिक्षा आधुनिक हुँदैन, सोच आधुनिक हुनुपर्छ,' उनले भनेकी छिन् ।

उनले सरकारसँग थप आग्रह गरेकी छिन्, 'म सरकार र विश्वविद्यालय प्रशासनलाई आग्रह गर्न चाहन्छु उपस्थितिको कठोर गणनाभन्दा माथि उठेर, गुणस्तरीय शिक्षा, सीप, सिर्जनशीलता र वास्तविक सिकाइलाई केन्द्रमा राख्ने साहस गरियोस् ।'

**सरकारको नियत...**

कार्यदलको काम, विद्यार्थी र कर्मचारी ट्रेड युनियन खारेजी, अध्यादेश लगायतका कारण सरकारको नियत सही नदेखिएको उनले टिप्पणी गरे ।

'सरकारका पछिल्ला गतिविधिको समर्थन गर्न सकिने अवस्था छैन,' उनले भने, 'बरु विरोध, प्रतिवाद गर्नुपर्ने, जनताको तहबाट आवाज उठाउनुपर्ने धेरै कुरा छन् । हामी सडक र सदनबाटै प्रतिवाद गर्छौं ।' उनले लोकतन्त्रको सुदृढीकरण, संविधानको रक्षा र यसको परिमार्जनको निम्ति आफ्नो ठाउँबाट सरकारले राम्रो काम गर्दा रचनात्मक ढङ्गले सहयोग गर्ने पनि बताए । 'सुरुमा कयौं कुरा ठिकै छन् पनि भनेको हो । तर जब सरकारका अनेक गतिविधि अगाडि बढ्न थाले, समर्थन गर्न सकिने केही पनि देखिएन,' उनले भने ।

पछिल्लो समय देशको राजनीति र सरकार सही ट्र्याकमा नरहेको समेत उनले बताए । 'आफैंले सदन बोलाउने, आफ्नो दुई-तिहाइ झन्डै छ, नियमित प्रक्रियाबाटै विधेयकहरू ल्याउन सकिन्छ, त्यो बाटो छोडेर सदनलाई छलेरअध्यादेशको बाटो जाने लाजमर्दो कुरा पनि हो,' प्रचण्डले भने, 'त्यसको पनि हामीले प्रतिवाद गरिनै राखेका छौं ।'

सुकुमवासीहरूको समस्या समाधान नहुँदा यसले गम्भीर प्रकृतिको समस्या आउने सक्ने प्रचण्डको ठहर छ । फरक प्रसङ्गमा उनले संविधान संशोधनको निम्ति सरकारले तयार पारेको बहस पत्र पनि पारदर्शी तरिकाले अगाडि नआएको बताए । 'त्यो पनि आफैंमा एउटा गम्भीर छलफलको विषय बनिराख्या छ,' उनले भने ।

संयोजक प्रचण्डले वाम एकताका लागि पनि छलफल चलिरहेको समेत बताए । नेपालमा कम्युनिस्ट पार्टीहरूको ठूलो जनमत रहेको भन्दै त्यसलाई वाम एकता मार्फत एकत्रित गर्ने बताए । 'जनताले देशको स्थिति हेरेर मत परिवर्तन गर्छन्, हिजो नेकपालाई गरे, आज रास्वपा लाई गरे' उनले भने, 'यो स्वाभाविक हो । वाम एकताले नै वामपन्थी जनमतलाई एक गर्ने आधारहरू पनि छन् ।'

# सबैलाई हसाउने रामेछापका भाइरल कन्टेन्ट क्रियटर बिनय लामाको संघर्षको कथा



काठमाडौं- पछिल्लो समय सामाजिक सञ्जालमार्फत दर्शकमाझ लोकप्रिय बनेका कमेडी कन्टेन्ट क्रियटर बिनय लामा आफ्नो हास्य शैली र फरक प्रस्तुतीका कारण चर्चामा छन् । रामेछापमा जन्मिएका बिनयले युट्युब, टिकटक र फेसबुकमार्फत सार्वजनिक गर्ने कमेडी भिडियोले हजारौं दर्शकलाई मनोरञ्जन प्रदान गर्दै आएको छ ।

सामान्य परिवारमा हुर्किएका बिनयले सुरुआती दिनदेखि नै हास्य अभिनयमा रुचि राख्थे । गाउँघरको परिवेश, दैनिक जीवनका घटनाक्रम तथा समाजमा भइरहेका गतिविधिलाई हास्य शैलीमा प्रस्तुत गर्दै उनले छोटो समयमा नै दर्शकको मन जित्न सफल भएका हुन् । उनका भिडियोमा कहिले रमाइला र उतपट् याङ दृश्य देख्न पाइन्छ भने कहिले सामाजिक सन्देशसमेत समेटिएको हुन्छ । यही कारण धेरै दर्शकले उनलाई "सबैलाई हसाउने भाइरल बिनय लामा भनेर चिन्ने गरेका छन् ।

बिगत लामो समयदेखि सामाजिक सञ्जाललाई नै आफ्नो मुख्य पेशा बनाएका बिनय अहिले युवापुस्तामाझ चर्चित नाम बनिसकेका छन् । उनका भिडियोमा प्रस्तुत गरिने हास्य अभिनय, गाउँले शैलीको संवाद तथा जीवनका यथार्थ पक्षले दर्शकलाई आकर्षित गर्ने गरेको छ । धेरैले उनको भिडियो हेरेर मनोरञ्जन लिनुका साथै दैनिक तनावबाट केही समय राहत महसुस गर्ने बताएका छन् ।

तर दर्शकलाई निरन्तर हसाइरहेका बिनयको व्यक्तिगत जीवन भने सहज छैन । हाँसोभित्र लुकेको उनको पीडा पछिल्लो समय सामाजिक सञ्जालमै सार्वजनिक भएपछि धेरै दर्शक भावुक बनेका थिए । केही समयअघि प्रेम सम्बन्धमा रहेका बिनयले आफूलाई प्रेमिकाबाट धोका भएको जन आकाश मिडियाले तयार पारेको संगीत खबर कार्यक्रममा बताएका थिए ।

उनले आफ्नी प्रेमिकाले नगद १० लाख रुपैयाँ, एउटा आइफोन मोबाइल, कपडालगायत सामान लिएर सम्पर्कविहीन भएको बताएका थिए । मलिन अनुहारमा भिडियोमार्फत आफ्नो पीडा सुनाउँदै लामाले केही समय आफू मानसिक रूपमा निकै तनावमा परेको बताएका थिए ।

दर्शकलाई सधैं हसाउने कलाकार आफैं भने भित्रभित्रै पीडामा रहेको देखिएपछि सामाजिक सञ्जालमा उनको पक्षमा धेरैले सहानुभूति व्यक्त गरेका थिए । कतिपयले उनलाई धैर्य भएर अघि बढ्न सुझाव दिएका थिए भने धेरैले उनको संघर्षपूर्ण यात्राको प्रशंसा गरेका थिए । कमेडी भिडियो निर्माणलाई नै आफ्नो भविष्य बनाउने लक्ष्य राखेका बिनय अहिले पनि निरन्तर नयाँ-नयाँ कन्टेन्ट निर्माणमा सक्रिय छन् । व्यक्तिगत पीडा र उतारचढावका बाबजुद दर्शकलाई हसाउने प्रयासलाई निरन्तरता दिइरहेका उनी सामाजिक सञ्जालका चर्चित युवा क्रियटरमध्ये एक मानिन्छन् ।

सामाजिक सञ्जालको बढ्दो प्रभावसँगै बिनयजस्ता धेरै युवाले डिजिटल प्लेटफर्मलाई पेशाका रूपमा अपनाइरहेका छन् । त्यही भीडमा फरक शैली, गाउँलेपन र यथार्थ जीवनका कथालाई हास्य रूपमा प्रस्तुत गर्दै बिनय लामाले आफ्नै छुट्टै पहिचान बनाउन सफल भएका छन् ।

# उत्तम बने कलाकार संघको अध्यक्ष




काठमाडौं- कलाकारहरूको छाता संस्था नेपाल चलचित्र चलचित्र कलाकार संघको अध्यक्षमा उत्तम केसी निर्वाचित भएका छन् । आइतबार काठमाडौंमा सम्पन्न २१ औं महाधिवेशनमा केसी २१६ मत प्राप्त गर्दै अध्यक्षमा विजयी भएका हुन् । कुल ३५६ मत खसेकोमा उनका प्रतिद्वन्द्वी सविन श्रेष्ठले १३२ मत प्राप्त गरे । सविन संघका निवर्तमान महासचिव हुन् ।

त्यस्तै, उपाध्यक्षमा शिवहरी बैरागी र पूजना प्रधान, महासचिवमा सुनील कटुवाल, सचिवमा गोपाल ढकाल (छन्दे), कोषाध्यक्षमा तेजुला खतिवडा र सह-कोषाध्यक्षमा पवन केसी विजयी भए । उनीहरूमध्ये पवन मात्र सविन प्यानलका हुन् । यसरी हेर्दा पदाधिकारीमा उत्तम प्यानलको वर्चश्व देखिएको छ ।

कार्यसमिति सदस्यतर्फ भने १० पदका लागि २८ जनाबीच प्रतिस्पर्धा भएको थियो । त्यसमध्ये दमन रुपाखेती, इन्द्रबहादुर लामा 'खम्बे', चन्द्रकला राई 'लब्ली संगम', छुल्ठिम गुरुङ, नवीनकुमार श्रेष्ठ, जीवन थापा, सुलेमान शंकर (इकु), रश्मि भट्ट, चन्द्रकला दाहाल र श्रीदेव भट्टराई विजयी भएका छन् । संघको नयाँ कार्यसमितिको कार्यकाल ३ वर्षको हुनेछ ।

महाधिवेशनको क्रममा एकपटक तनावपूर्ण स्थिति समेत सिर्जना भएको थियो । संघका निर्वतमान अध्यक्ष मोहन निरौलाले मत खसाल्ने ठाउँमा उत्तम केसीका लागि विभिन्न सदस्यसँग भोट मागेको भन्दै सविनले आपत्ति जनाएका थिए । त्यसपछि उनीहरूबीच चर्काचर्की नै परेको थियो । यद्यपि, पछि दुवैले आत्मालोचना गर्दै अंकमाल गरेपछि माहोल शान्त बनेको थियो ।

# राजेश र करिश्मालाई लिएर बमबहादुरले ल्याए पानी गीत



काठमाडौं- लोकप्रिय लोकगायक बमबहादुर कार्कीले पानी संरक्षणको सन्देश बोकेको नया गीत सार्वजनिक गरेका छन् । पानको पातजस्ता लोकप्रिय गायक कार्कीले यसपटक म हु" पानी सबको जिन्दगानी बोलको गीतमार्फत प्रकृति र मानव जीवनबीचको सम्बन्धलाई उठान गरेका छन् । राजधानीमा आयोजित कार्यक्रममा गीतको भिडियोसमेत सार्वजनिक गरिएको छ ।

गायक कार्कीले गीतमा पानीको महत्व, यसको संरक्षण र मानव अस्तित्वस"गको सम्बन्धलाई मुख्य विषय बनाएका छन् । गीतमा शब्द र संगीत स्वयं कार्कीकै छ भने स्वरमा उनलाई शिवा आले कार्की, लोचन भट्टराई र अर्जुन सोनमले साथ दिएका छन् । संगीत संयोजन बिबि अनुरागीले गरेका छन् । गीतको भिडियोमा लामो समयपछि राजेश हमाल र करिश्मा मानन्धरको जोडी एकसाथ देखिएको छ । भिडियोमा सगुन कार्कीको पनि अभिनय छ । नेपालका नदी, झरना, पहाड र प्राकृतिक दृश्यलाई समेटिएको भिडियोमार्फत पानी नै जीवन हो भन्ने भाव प्रस्तुत गरिएको छ । देवेन्द्र पाण्डेको निर्देशनमा बनेको भिडियो हरि हुमागाईंले छायांकन गरेका छन् भने सम्पादन विकास दाहालले गरेका छन् । गीत गोरखा म्युजिकमार्फत सार्वजनिक गरिएको हो ।

गायक कार्कीले पानीको महत्वबारे नयाँ पुस्तालाई सचेत गराउने उद्देश्यले गीत तयार गरिएको बताए । उनले प्रकृति संरक्षणस"गै पानी जोगाउने जिम्मेवारी सबैको भएको उल्लेख गरे । अभिनेता हमालले गायक कार्कीको योगदानको चर्चा गर्दै उनको सदाबहार गीत पानको पातले नेपालमा मात्र नभई विश्वभर लोकप्रियता पाएको स्मरण गरे । अभिनेत्री मानन्धरले गीत र भिडियो राम्रो बनेको बताइन् ।

# बक्स अफिसः 'लालीबजार'को व्यापार झन्डै साढे ३ करोड




काठमाडौं- गत वैशाख ११ गतेदेखि २५ गतेसम्म प्रदर्शनमा आएका चार नेपाली फिल्म 'परालको आगो', 'लालीबजार', 'मालती मंगले' र 'गुरु आमा'को आधिकारिक बक्स अफिस तथ्यांक सार्वजनिक भएको छ । सोमबार चलचित्र विकास बोर्डले उपलब्ध गराएको विवरणअनुसार कमाइका हिसाबले 'परालको आगो' शीर्ष स्थानमा रहेको छ भने ' लालीबजार' दोस्रोमा छ ।

वैशाख ११ गते प्रदर्शन भएको 'परालको आगो'ले गत शनिबारसम्म १ लाख ५१ हजार ९२८ वटा टिकट बिक्रीबापत ४ करोड २२ लाख २३ हजार ४३५ रुपैयाँ ग्रस कमाएको बोर्डको तथ्यांकमा देखिन्छ । वैशाख २५ गते प्रदर्शन भएको 'लालीबजार'को कमाइ भने शनिबारसम्म ३ करोड ४२ लाख ६१ हजार ७७९ रुपैयाँ ग्रस छ । फिल्मका १ लाख १४ हजार ५८६ वटा टिकट बिक्री भएका छन् ।

'लालीबजार'सँगै प्रदर्शनमा आएका अन्य दुई फिल्म 'मालती मंगले' र 'गुरु आमा'को व्यापार भने निकै कमजोर देखिन्छ । गायक रामकृष्ण ढकालले निर्माण गरेको 'मालती मंगले'ले ९ दिनमा ५० लाख पनि कमाउन सकेको छैन । यसको गत शनिबारसम्मको कमाइ ४४ लाख ७८ हजार ६०८ रुपैयाँ ग्रस छ । यो अवधिमा फिल्मका १३ हजार ८९० वटा टिकट बिक्री भएका छन् ।

अर्को फिल्म 'गुरु आमा' भने कमाइको मामलामा सबैभन्दा पछाडि देखिएको छ । यसका जम्मा ८ हजार ९७४ वटा टिकट बिक्री भएका छन् भने त्यसबापत फिल्मले २८ लाख ४४ हजार ४५१ रुपैयाँ ग्रस कमाएको छ ।

# 'सिन्दुरे जात्रा'को छायांकन सुरु, एकसाथ देखिँदै विजय र अञ्जना



काठमाडौं- कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्देशक सरोज पौडेलले आफ्नो नयाँ फिल्म 'सिन्दुरे जात्रा'को छायांकन सुरु गरेका छन् । शुक्रबार पर्वतको कुश्मा नगरपालिका-१४ आर्थर डाँडाखर्क गाउँमा शुभ मुहूर्त गरेसँगै फिल्मको छायांकन थालिएको हो । मुहूर्तमा फिल्मका मुख्य कलाकारहरू विजय बराल, अञ्जना बराइली, विनोद न्यौपानेलगायत उपस्थित थिए ।

विजय र अञ्जना दोस्रो पटक फिल्ममा एकसाथ देखिन लागेका हुन् । यसअघि 'पूर्ण बहादुरको सारङ्गी'मा उनीहरूको सहकार्य भएको थियो । यसको व्यावसायिक सफलतापछि सोही फिल्मका निर्देशकले उनीहरूलाई एकसाथ पर्दामा ल्याउन लागेका हुन् । यस फिल्ममा कमलमणि नेपाल, लोकेन्द्र लेखक, उषा खड्गी, भोलाराज सापकोटालगायतको पनि अभिनय रहनेछ ।

३५ दिन छायांकन तालिका राखिएको फिल्ममा निर्देशक पौडेल स्वयंको कथा रहेको छ भने पटकथा तथा संवाद सविन अधिकारी र वसन्त न्यौपानेले तयार पारेका छन् । सारंगी फिल्म्सको प्रस्तुतिमा निर्माण हुने फिल्मको देशव्यापी वितरण आरआर फिल्म्सले गर्नेछ । यो फिल्मले एउटी महिलाको मौन पीडा र संघर्ष उजागर गर्ने जनाइएको छ ।

डिभिजन वन कार्यालय रामेछापको अनुरोध

वन डढेलो नियन्त्रण गरौ,
जैविक विविधता संरक्षणमा योगदान गरौ ।


- सुख्खा सिजनको शुरुवातसंगै वन डढेलोको घटना तीव्र भई लाखौं मूल्य बराबरको वन, वनस्पति, वन्यजन्तु लगायतका मानव जीवनसंग प्रत्यक्ष सरेकार राखे जैविक विविधता नष्ट भएर जाने गरेको हुँदा वन डढेलो नियन्त्रण मार्फत प्राकृतिक धनको संरक्षणम योगदान गरी सचेत नागरीकको कर्तव्य निर्वाह गरौं।
- राम्रो घाँस पलाउँछ भनेर वन क्षेत्रमा आगो लगाउने गोठालाहरुलाई आगलागीवाट हुन सक्ने नोक्सानी बारे सम्झाऔं ।
- वन क्षेत्रमा चुरोट, बिडी खाई जथाभावी नफालौ । वन क्षेत्रमा सलाई, बिडी चुरोट र राँको बाल्ने कार्यमा रोक लगाऔं ।
- वनभोज गर्दा अथवा वन क्षेत्रमा राती बास वस्दा खाना पकाई सकेपछि आगो राम्ररी निभाऔं ।
- कहींकतै वन डढेलो लागेको थाहा पाउने बितिकै आफु पनि नियन्त्रणमा लागौ र छिमेकी समूहसंग समेत सहयोग मागौ । तत्काल डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा खबर गरी सचेत नागरिकको कर्तव्य पूरा गरौ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४१,
२०८३ साल जेठ ५ गते मंगलबार
19 MAY 2026, TUESDAY

# इभीको मोटर क्षमता तय गर्न महालेखाको सुझाव



काठमाडौं । महालेखा परीक्षकको कार्यालयले नेपालमा आयत हुने विद्युतीय सवारीसाधन (इभी) मा हुने मोटर क्षमता यकिन गर्ने आधार तय गर्न सरकारलाई सुझाव दिएको छ ।

महालेखाको ६३औं वार्षिक प्रतिवेदनले विद्युतीय सवारीसाधनको मोटर क्षमता यकिन गर्ने आधार तय गर्न भनेको छ । प्रतिवेदनमा भनिएको छ- 'आयातित मालबस्तु तथा सेवाको मूल्याङ्कन विधिलाई अन्तर्राष्ट्रिय मान्यताअनुरूप कारोबार मूल्यमा गर्ने गरी प्रणालीगत सुधार गर्नुपर्दछ । विद्युतीय सवारीको पैठारी भन्सार महसुल निर्धारण गर्न त्यस्ता सवारीको मोटर क्षमता यकिन गर्ने आधार तय गर्नुपर्दछ ।' विद्युतीय गाडीको कर निर्धारण ढाँचा परिवर्तन गर्दै सरकार, मूल्य र आकारलाई आधार बनाइने महालेखाले सरकारसँग मोटर पावर यकिन गर्ने आधार खोजेको छ । साथै आयातित मालबस्तु तथा सेवाको मूल्याङ्कन विधिलाई अन्तर ाष्ट्रिय मान्यताअनुरूप कारोबार मूल्यमा गर्ने गरी प्रणालीगत सुधार गर्नुपर्ने पनि सुझाव दिएको छ ।

महालेखाले ६२औं वार्षिक प्रतिवेदन देखिनै मोटर पावरको क्षमताको करको विषय उठाउँदै आएको छ । कर छलीको विषयमा महालेखाले बेरुजु समेत देखाएको थियो ।

# रोयल इन्फिल्डको 'रेन्टल पार्टनर्स मिट २०२६' सम्पन्न



काठमाडौं । नेपालमा दुई पाङ्ग्रे पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्ने उद्देश्यसहित रोयल इन्फिल्ड नेपालले 'रेन्टल पार्टनर्स मिट २०२६' आयोजना गरेको छ ।

सो कार्यक्रममा नेपालभरका मोटरसाइकल रेन्टल व्यवसायसँग सम्बन्धित सरोकारवालाहरू सहभागी भएका थिए । रोयल इन्फिल्डको नेपालका लागि आधिकारिक वितरक अल्फा अटोमोटिभ प्रालिले आयोजना गरेको कार्यक्रममा नेपालका विभिन्न क्षेत्रका ४० मोटरसाइकल रेन्टल कम्पनीका संचालक, रोयल इन्फिल्ड इन्डियाका प्रतिनिधि तथा आयोजकका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपालमा विस्तार भइरहेको मोटरसाइकल पर्यटन क्षेत्रका सम्भावना, चुनौती र दिगो विकासका उपायबारे छलफल गरिएको थियो । सहभागीहरूले नियामकीय जटिलता, पूर्वाधार अभाव तथा व्यवसायिक दिगोपनासम्बन्धी समस्याबारे धारणा राखेका थिए । साथै, सरकारी निकायसमक्ष साझा सुझाव प्रस्तुत गर्न उद्योगबीच समन्वय आवश्यक रहेकोमा जोड दिइएको थियो ।

कार्यक्रममा वक्ताहरूले दुई पाङ्ग्रे पर्यटनले नेपालमा विदेशी पर्यटक भित्र्याउने, रोजगारी सिर्जना गर्ने तथा ओझेलमा परेका पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने बताएका थिए । उनीहरूले नेपाललाई एड्भेनचर मोटरसाइकलिङको अन्तर ाष्ट्रिय गन्तव्यका रूपमा स्थापित गर्न पनि यो क्षेत्र महत्वपूर्ण हुने उल्लेख गरेका थिए । अल्फा मोटिभले रेन्टल पार्टनरहरूसँग सहकार्य, समन्वय तथा उद्योगसम्बन्धी जानकारी आदानप्रदानलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ । त्यसैगरी रोयल इन्फिल्डले नेपालमा राइडिङ इकोसिस्टमलाई थप सशक्त बनाउन पार्टनरसिप, कम्युनिटी इन्गेजमेन्ट, तथा सस्टेनएबल टुरिजम इनिसिएटिभ्सलाई निरन्तरता दिने जनाएको छ ।

# इभीमा बीवाइडीको 'फ्ल्यास चार्जिङ' प्रणाली

इभीमा बीवाइडीको 'फ्ल्यास चार्जिङ' प्रणाली, ५ मिनेटमै ७० प्रतिशतसम्म ब्याट्री चार्ज!

विद्युतीय गाडी उत्पादक चिनियाँ कम्पनी बीवाइडीले चार्जिङ सुविधामा छलाङ मार्न 'फ्ल्यास चार्जिङ' प्रणाली विकासलाई तीव्रता दिएको छ

कम्पनीले पेट्रोल तथा डिजेल गाडीमा इन्धन भरेजस्तै छोटो समयमा गाडी चार्ज गर्न सकिने गरी 'फ्ल्यास चार्जिङ' प्रणाली विकास गरिरहेको हो ।

सामान्यतया इन्धन गाडीमा केही मिनेटमै ट्यांकी भरिन्छ । इभी गाडी चार्ज गर्न भने केही घण्टा लाग्छ । त्यही अन्तर हटाउन बीवाइडीले मेगावाट स्तरको अल्ट्रा फास्ट चार्जिङ प्रणाली विकास गरिरहेको हो । यो प्रणाली प्रयोगमा आएपछि धेरै किलोमिटर यात्रा गर्न पुग्ने चार्ज केही मिनेटमै गर्न सक्ने दाबी गरिएको छ ।

बीवाइडीको फ्ल्यास चार्जिङ प्रणालीमा १ हजार ५०० किलोवाटसम्मको क्षमता छ । कम्पनीको नयाँ ब्याट्री जडित सवारी साधन यी चार्जरमार्फत केवल ५ मिनेटमै १० प्रतिशतबाट ७० प्रतिशतसम्म चार्ज हुन सक्ने बताइएको छ ।




बीवाइडीका अनुसार नयाँ फ्ल्यास चार्जिङ प्रविधिमार्फत सवारी साधनलाई १० प्रतिशतबाट ९७ प्रतिशतसम्म (जसलाई अधिकांशले पूर्ण चार्ज मान्छन्) केवल ९ मिनेटमै चार्ज गर्न सकिन्छ । अत्यधिक चिसो अर्थात् माइनस ३० डिग्री सेल्सियस तापक्रममा समेत २० प्रतिशतबाट ९७ प्रतिशतसम्म चार्ज हुन करिब १२ मिनेट मात्र लाग्ने बताइएको छ । कम्पनीले अहिले आफ्नो नयाँ ब्याट्री तथा फ्ल्यास चार्जिङ प्रविधि लोकप्रिय इभी मोडलहरुमा विस्तार गर्न थालेको छ । चीन बाहिर बीवाइडी एटो३ नामले बिक्री हुने बीवाइडी युयान प्लसलाई समेत नयाँ ब्याट्री प्रणालीसहित अपग्रेड गरिएको छ । यो प्रविधि पुराना मोडलमा भने लागू हुँदैन ।

केही वर्षयता ब्याट्री रेन्ज, सफ्टवेयर, उत्पादन क्षमता र एक्सेलेरेसनमा तीव्र प्रगति भए पनि लामो चार्जिङ समय इभी विस्तारमा मुख्य अवरोध मानिएको थियो । यही समस्यालाई समाधान गर्न बीवाइडीले केही मिनेटमै सयौं किलोमिटर दूरीका लागि आवश्यक ऊर्जा भर्न सक्ने नयाँ चार्जिङ प्रणाली विकास गरिरहेको हो ।

कम्पनीको दोस्रो पुस्ताको ' ब्लेड ब्याट्री' र मेगावाट स्तरको चार्जिङ प्रणाली यस रणनीतिको केन्द्रमा छन् । द्रुत गतिमा चार्जिङ हुने प्रणाली विकास भएपछि विश्वभर इभीको प्रयोग तीव्र गतिमा बढ्ने विश्लेषकहरुको बुझाइ छ । अहिले धेरैजसो उपभोक्ता चार्जिङ स्टेसनको सीमितता र लामो प्रतीक्षा समयका कारण इभी खरिदमा हिच्किचाउने गरेका छन् ।


त्यसैले अहिले इभी उत्पादक कम्पनीले गाडी बिक्रीमा मात्र होइन, चार्जिङ पूर्वाधार, ब्याट्री प्रविधि, एआई, सफ्टवेयर र स्वचालित ड्राइभिङ प्रणालीमा समेत प्रतिस्पर्धा गरिरहेका छन् ।

टेस्लाले आफ्नो सुपरचार्जर नेटवर्कमार्फत लामो समयदेखि फास्ट चार्जिङ बजारमा अग्रता कायम राख्दै आएको छ । तर बीवाइडीले ब्याट्री उत्पादन, कम मूल्य र छिटो चार्जिङ क्षमताका कारण टेस्लालाई कडा चुनौती दिन थालेको छ । ब्याट्री उत्पादन, खनिज प्रशोधन र अनुसन्धानमा चीनको अग्रता रहेकाले बीवाइडी, सीएटीएल जस्ता कम्पनी विश्व बजारमा प्रभावशाली बनेका छन् ।

अल्ट्रा फास्ट चार्जिङ प्रविधिमा चुनौती पनि छन् । मेगावाट स्तरको चार्जिङका लागि धेरै विद्युत्, आधुनिक ग्रिड प्रणाली, ट्रान्सफर्मर तथा महँगो पूर्वाधार आवश्यक पर्छ । विशेषगरी ग्रामीण तथा विकासोन्मुख देशहरुमा यस्तो पूर्वाधारको निर्माण चुनौतीपूर्ण हुन सक्ने अनुमान छ ।

अत्यधिक छिटो चार्जिङले ब्याट्रीको दीर्घकालीन क्षमतामा असर पार्न सक्ने चिन्ता पनि छ । छिटो चार्जिङका क्रममा अत्यधिक ताप उत्पन्न हुने भएकाले कम्पनीहरूले नयाँ कूलिङ प्रणाली र उन्नत ब्याट्री रसायनमा काम गरिरहेका छन् ।

# ओमोडाको नयाँ मोडल नेपालमा आउँदै



काठमाडौं । नेपालमा ओमोडा को इ५ प्रो गाडी नेपाल भित्रिँदैछ । ओमोडाको इलेक्ट्रिक लाइनअपको अर्को पुस्ताको रूपमा प्रस्तुत गरिएको नयाँ इ५ प्रो ले स्मार्ट, कनेक्टेड र भावनात्मक मोबिलिटीको नयाँ अनुभव प्रदान गर्ने लक्ष्य राखेको कम्पनीले जनाएको छ ।

आकर्षक तथा भविष्यवादी डिजाइन, थप आरामदायी इन्टेरियर, अत्याधुनिक सुरक्षा प्रविधि तथा प्रिमियम फिचर हरूसहित यो गाडी आधुनिक नेपाली उपभोक्ताको आवश्यकतालाई ध्यानमा राखेर निर्माण गरिएको कम्पनीले विज्ञप्तिमार्फत जनाएको हो ।

हाल उपलब्ध भएकोओमोडा इ५ मा ५४०-डिग्री प्यानोरामिक क्यामेरा, १८-इन्च अलोय ह्विल, १९ भन्दा बढी एडीएएस सुरक्षा फिचरहरू, ८-स्पिकर प्रिमियम साउन्ड सिस्टम, ५० वाट वायरलेस चार्जर लगायत स्मार्ट ड्राइभिङ अनुभवका लागि डिजाइन गरिएका धेरै प्रिमियम तथा अत्याधुनिक प्रविधिहरू समावेश छन् ।

ओमोडा इ५ आफ्नो डिजाइन, प्रविधि र प्रदर्शनका कारण इभी ग्राहकहरूबीच निकै लोकप्रिय बन्न सफल भएको कम्पनीको भनाइ छ । अब छिट्टै नेपालमा सार्वजनिक हुन लागेको नयाँ इ५ प्रो मार्फत ब्रान्डले अझ उन्नत प्रविधि, परिष्कृत डिजाइन तथा थप स्मार्ट र कनेक्टेड मोबिलिटी अनुभव प्रदान गर्दै ग्राहकहरूको विश्वासलाई अझ मजबुत बनाउने लक्ष्य राखेको जनाएको छ ।

नेपालमा इभी पूर्वाधार विस्तार हुँदै जानु, ग्राहकको विश्वास बढ्दै जानु तथा प्रिमियम इलेक्ट्रिक एसयूभी प्रति आकर्षण वृद्धि भइरहेका बेला नयाँ इ५ प्रो को आगमनले नेपाली अटोमोबाइल बजारलाई अझ आधुनिक इलेक्ट्रिक मोबिलिटीको दिशामा अघि बढाउने विश्वास गरिएको छ ।

धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

त्यसैले,

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर-किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं ।

स्वस्थ जीवन, उन्नत भविष्यको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार